# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २६८ | काठमाडौं | मंगलबार, १३ माघ २०८२ | Prabhab National Daily | Tuesday, 27 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सुनसरी-१ मा तीव्र प्रतिस्पर्धा

### हर्क, सरिन, टीकाराम र सुजेन्द्रबीच टक्कर


हर्क साम्पाङ


सरिन तामाङ


टीकाराम लिम्बू


सुजेन्द्र तामाङ

- श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङ, एमालेका टीकाराम लिम्बू, रास्वपाकी सरिन ख्युङ्बा तामाङ र कांग्रेसका सुजेन्द्र तामाङबीच टक्कर
- २०४८ यता पाँचपटक एमाले, एकपटक माओवादी र एकपटक एमालेको समर्थनमा जसपाको जित
- कम्युनिस्ट लालगढको रूपमा सुनसरी-१ स्थापित

■ **जेबी योञ्जन**

**काठमाडौं–** सातवटा संसदीय निर्वाचनको परिणामलाई आधार मान्दा सुनसरी-१ कम्युनिस्ट गढ हो । कम्युनिस्ट गढ भए पनि श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सरिन ख्युङ्बा तामाङ (गोमा) को लोकप्रियताले कम्युनिस्ट शक्तिलाई छायामा पारेको छ ।

यहाँ नेकपा एमालेबाट टीकाराम लिम्बू र कांग्रेसबाट सुजेन्द्र गोले तामाङ उम्मेदवार छन् । अन्य दलका पनि उम्मेदवारहरू छन् । तर, हर्क र सरिन चुनावमा उत्रिँदा देशवासीको ध्यान सुनसरी-१ ले तानेको हो ।

रास्वपाकी सरिन ती उम्मेदवार हुन्, जसले २०७९ को चुनावमै कम्युनिस्ट गढ झण्डै भत्काइदिएकी थिइन् । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमाले समर्थित जनता समाजवादी पार्टी नेपालका उम्मेदवार अशोककुमार राईसँग उनी ४५३ मतको झिनो अन्तरले पराजित भइन् । अर्थात् अशोकले १७ हजार ०५९ मत पाउँदा सरिनले १६ हजार ६०६ मत पाएकी थिइन् । त्यसो हुनाले गत निर्वाचनमै कम्युनिस्ट किल्ला सुनसरी-१ धर्मराएको थियो ।

यसपटक त्यहाँ भाइरल नेता हर्क साम्पाङ थपिए । उनी बलिया प्रतिस्पर्धी मानिन्छन् । राजनीतिक विश्लेषकहरूका अनुसार उनले नवयुवा, गैरदलीय र असन्तुष्ट मतदातालाई आकर्षित गर्न सक्छन् । उनको छवि लोकप्रिय छ ।

धरानका मेयर छँदा धरानको खानेपानी समस्या समाधान गर्न पहल गरेकोदेखि श्रम संस्कृति पार्क निर्माण गरेको, सुम्निमा र पारुहाङको सालिक निर्माण गरेको विषयले चर्चामा छन् । उनले नेपाली समाजमा परापूर्वकालदेखि चल्दै आएको श्रमदानलाई संस्कृतिकै रूपमा देशव्यापी फैलाएका छन् ।

व्यक्तिगत लोकप्रियता भए पनि बलियो पार्टी संरचना नहुनु उनको कमजोरी मानिन्छ । उनी मेयर हुँदा अख्तियारमा अनियमितताको उजुरी पनि परेको छ । तर, उनको लोकप्रियतामा कमी आएको छैन । श्रम संस्कृति पार्टीका नेता मदनमुर्छना राई दाबी गर्दै भन्छन्, 'उहाँ नै हो सुनसरी-१ बाट निर्वाचित हुने । अरुले टक्कर दिन सक्ने अवस्था छैन ।'

एमालेले अघि सारेका उम्मेदवार लिम्बू पनि राम्रो छविका नेता हुन् । उनलाई एमालेको जितको विरासत धान्ने अभिभारा अध्यक्ष केपी शर्मा ओलीले दिएका छन् । संगठित मत, जुझारु कार्यकर्ता र निर्वाचन व्यवस्थापनमा अब्बल एमाले अझैसम्म बलियो देखिन्छ । तर, बहुपक्षीय प्रतिस्पर्धा र जेन-जी विद्रोही माहोल एमालेका लागि चुनौतीपूर्ण ठानिएको छ ।

क्रमशः पृष्ठ २ मा

# चुनावी 'ग्राउण्ड' पुगेर गगनले गाए मधेसको गाथा



"

- **सर्लाही निस्कनुअघि गगनको सन्देश–** म मधेस जाँदै छु, किनकि म देश जोड्न चाहन्छु । म काठमाडौंका कथाहरु मधेस लगेर सुनाउन चाहन्छु अनि मधेसका कथा, व्यथा र पीडाहरूलाई बुझ्दै काठमाडौं ल्याएर सुनाउन चाहन्छु ।
- **सर्लाही पुगेपछि भने–** म सर्लाहीको बेटा हुने कोसिस गर्न आएको छु । आजदेखि म तपाईंको भएको छु । जब सर्लाही प्रवेश गरेँ, यहाँको जमिनलाई ढोगेँ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले सर्लाही पुगेर मधेसको गाथा गाएका छन् । सोमबार सर्लाही पुगेका थापाले सर्लाहीका मतदातासँग जोडिन मधेसको गाथा गाएका हुन् ।

काठमाडौं-४ निर्वाचन क्षेत्र छाडेर सर्लाहीको क्षेत्र नम्बर ४ रोजेका गगनले सर्लाही प्रवेश गर्नासाथ त्यहाँको जमिनलाई ढोगेको बताए । 'म सर्लाहीको बेटा हुने कोसिस गर्न आएको छु । आजदेखि म तपाईंको भएको छु । जब सर्लाही प्रवेश गरेँ, यहाँको जमिनलाई ढोगें,' गगनले सोमबार आफ्नो निर्वाचन क्षेत्रमा आयोजित सभामा भने ।

काठमाडौं छाड्नुअघि गगनले आफूले सर्लाही-४ जान लागेको भन्दै भिडियो सन्देशसमेत जारी गरेका थिए । 'म मधेस जाँदै छु, किनकि म देश जोड्न चाहन्छु । म काठमाडौंका कथाहरू मधेस लगेर सुनाउन चाहन्छु अनि मधेसका कथा, व्यथा र पीडाहरूलाई बुझ्दै काठमाडौं ल्याएर सुनाउन चाहन्छु,' गगनले भनेका थिए ।

पूर्णरूपमा नेपाली बन्न आफू मधेस आइपुगेको गगनको दाबी थियो । 'म काठमाडौंमा जन्मेको हुर्केको हुनाले यहाँको सुख दुःख थाहा पाएँ । जब प्रदीप गिरीको संगत गरेँ । जबसम्म मधेसमा गएर समर्पित गर्दिनँ, समाहित गर्दिनँ, मैले आफूभित्र मधेस र मधेसभित्र आफूलाई ल्याउन सक्दिनँ । तबसम्म म पूर्णरूपमा नेपाली बन्न सक्दिनँ,' सर्लाही पुगेर गगनले भने ।

क्रमशः पृष्ठ २ मा

## सर्लाहीको 'ग्राउण्ड'मा गगनलाई चुनौती

अघिल्लो निर्वाचनमा काठमाडौं-४ मा नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीसँग मिल्दा नेपाली कांग्रेसका गगन थापाले २१ हजार ३०४ मत पाएका थिए । उक्त निर्वाचनमा नेकपा एमालेका राजन भट्टराईले १३ हजार ८५५ मत पाएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गगनलाई जिताउन उम्मेदवार उठाएको थिएन ।

गगन अघिल्लो निर्वाचनमा नै सर्लाही-४ मा उम्मेदवार बन्ने तयारीमा रहेकामा अन्तिम समयमा रोकिएका थिए । यसपटक काठमाडौं-४ मा ढुक्क नदेखिएपछि उनी सर्लाही-४ पुगेका हुन् । गगनले अहिले रोजेको क्षेत्रलाई कांग्रेसको गढ मानिन्छ ।

यो क्षेत्रमा कांग्रेसबाट वीरेन्द्र सिंह टिकटका आकांक्षी थिए । उनी हाल मधेस प्रदेशसभा सदस्य छन् । अघिल्लो निर्वाचनमा सर्लाही-४ मा कांग्रेसका बागी उम्मेदवार डा. अमरेशकुमार सिंह निर्वाचित भएका थिए । सिंहले २० हजार १७ मत पाउँदा उनका प्रतिस्पर्धी कांग्रेसका नगेन्द्रकुमार रायले १८ हजार २५२ मत पाएका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## कोरियाले साढे ३८ प्रतिशतले घटायो इपिएसमार्फत लैजाने कामदारको कोटा

- यो वर्ष नेपालसहित १७ मुलुकबाट ८० हजार कामदार लैजाने
- गत वर्षको तुलनामा ३८.५ प्रतिशत अर्थात् ५० हजार न्यून
- सबैभन्दा बढी उत्पादन क्षेत्रमा ५० हजार कामदार लैजाने तयारी
- मौसमी कामदारको रूपमा ई-८ भिसामा लैजाने कोटा बढाइयो




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले यो वर्ष (सन् २०२६) रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत लैजाने विदेशी कामदारको कोटामा उल्लेख्य कटौती गरेको छ । गत वर्षको तुलनामा साढे ३८ प्रतिशत कम संख्यामा विदेशी कामदार लैजाने योजना कोरिया सरकारले बनाएको हो ।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयका अनुसार विभिन्न क्षेत्रमा ई-९ भिसामार्फत यो वर्ष विभिन्न मुलुकबाट ८० हजार कामदार लैजानेगरी कोटा निर्धारण गरिएको छ । जबकि, गत वर्ष सन् २०२५ मा एक लाख ३० हजार जनाको कोटा छुट्याइएको थियो ।

यो वर्ष लग्ने कामदार सबैभन्दा बढी उत्पादन क्षेत्रमा ५० हजार जना रहेको बताइएको छ । यस्तै कृषि तथा पशुपालनतर्फ १० हजार, निर्माणमा दुई हजार, मत्स्यपालनमा सात हजार, सेवा क्षेत्रमा एक हजार हुने जनाएको छ । त्यस्तै, मागको उतारचढावलाई सम्बोधन गर्न १० हजार आरक्षित कोटा राखिएको छ । उल्लिखित कोटा कोरिया सरकारले श्रमबजारमा भएको मागको पूर्वानुमानको विश्लेषण र सम्बन्धित क्षेत्रहरूमा ई-९ भिसावाला कामदारको आवश्यकताका आधारमा निर्धारण गरिएको मन्त्रालयले जनाएको छ ।

कोरिया सरकारले कोरोना महामारीपछि विदेशी कामदारका अस्थायी आवश्यकतालाई पूर्ति गर्ने क्रम प्रायः पूरा भइसकेको जनाउँदै आएको छ । जसले गर्दा हालैका समयहरूमा उत्पादन र निर्माण क्षेत्रहरूमा कामदार रिक्त हुने अवस्था उल्लेखनीयरूपमा घटेको बताइन्छ ।

साथै, विश्वव्यापीरूपमा देखापरेको आर्थिक मन्दिका कारण कोरियाली रोजगारदाता प्रभावित हुँदा यसको असर इपिएस प्रणालीमा देखापरेको उल्लेख गरिएको छ ।

यो वर्ष विदेशी कामदार छनोट गर्ने योजनाको सन्दर्भमा कोरियाली श्रम मन्त्रालयले पाँचवटा 'लाइसेन्सिङ' चरणहरू आयोजना गर्ने छ । जसअन्तर्गत कोरियन भाषा परीक्षा, स्किल टेस्ट, काम गर्ने क्षमता मूल्यांकन, रोस्टर रजिस्ट्रेसन र मेडिकल चेकजाँच रहेको छ । यस वर्षदेखि सन् २०२३ मा अस्थायीरूपमा ल्याइएको पानीजहाज निर्माणको कोटालाई पनि उत्पादन क्षेत्रमै गाभ्ने मन्त्रालयले जनाएको छ ।

कामदार पठाउने कार्यलाई सहज र गुणस्तरीय बनाउन प्रस्थानको प्रतीक्षा समय घटाउन र इपिएससँग सम्बन्धित ठगी तथा बिचौलियाका गतिविधिहरू रोक्नका लागि आप्रवासी स्रोत केन्द्रले गृह मन्त्रालयअन्तर्गतका विभागहरूलाई सक्रिय गराएको छ । आवेदन दिइसकेका कामदारहरूका लागि इपिएसको आधिकारिक वेबसाइटमा सूचना प्रवाह गर्न, मार्गदर्शन दिन, आवश्यक शुल्क तयारी गर्नलगायतका काममा समन्वय गर्न केन्द्रले विभागलाई आग्रह गरेको छ ।

त्यस्तै, कोरियाले ई-८ भिसाअन्तर्गत मौसमी कामदारका लागि एक लाख नौ हजार कोटा छुट्याएको छ । मौसमी कामदार भने सन् २०२५ को भन्दा १३ हजार बढी लग्ने तयारी रहेको जनाइएको छ । यस्ता कामदारले घट्दो जनसंख्या र लामो समयदेखि श्रमअभाव भोगिरहेका ग्रामीण क्षेत्रमा सहयोग पुग्ने सरकारको दाबी छ ।

क्रमशः पृष्ठ २ मा

## आचारसंहिता उल्लंघन गर्नेविरुद्ध 'एक्सन'मा आयोग

### बालेन, हर्कदेखि शक्ति बस्नेतसम्मलाई सोधियो स्पष्टीकरण

- रास्वपाबाट झापा-५ मा उम्मेदवार रहेका बालेन्द्र शाह र श्रम संस्कृति पार्टीबाट सुनसरी-१ मा उम्मेदवार रहेका हर्क साम्पाङलगायत नेताविरूद्ध निर्वाचन आयोगमा उजुरी
- बालेनले ओलीविरूद्ध हिंसात्मक, घृणात्मकजस्ता शब्द प्रयोग गरेको आरोप
- हर्कले निर्वाचन प्रचारमा बालबालिकालाई प्रयोग गरेको आरोप
- आचारसंहिता उल्लंघनबारे जवाफ दिन उम्मेदवारहरूको आनाकानी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भावी प्रधानमन्त्रीका उम्मेदवार घोषित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह र श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङविरुद्ध आचारसंहिता उल्लंघन गरेको आरोपमा निर्वाचन आयोगमा उजुरी परेको छ । दुवै उम्मेदवारहरूविरुद्ध भिन्नभिन्न प्रकृतिको आचारसंहिता उल्लंघनको आरोपमा सोमबार उजुरी परेको हो ।

आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनका अनुसार उजुरीउपर छानबिन हुने छ । 'उहाँहरूले आचारसंहिता उल्लंघन गरेको भनेर प्रमाणसहित उजुरी परेको छ, हामी छानबिन गर्छौं,' उनले प्रभावसँग भनिन् ।

बालेन झापा-५ र साम्पाङ सुनसरी-१ का उम्मेदवार हुन् । उजुरीमा बालेनले सामाजिक सञ्जालमार्फत दिएका अभिव्यक्तिहरू निर्वाचन आचारसंहिता, प्रचलित कानुन तथा लोकतान्त्रिक निर्वाचन प्रक्रियाको मर्मविपरीत रहेको दाबी गरिएको छ । निवेदक धर्मराज तिमिल्सिना हुन् । उजुरीमा बालेनले हालै नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सन्दर्भमा दिएको टिप्पणीलाई लिएर आपत्ति जनाइएको छ ।

ओलीले हालै 'लाइभ डिबेट'को प्रस्ताव गरेका थिए । प्रत्युत्तरमा बालेनले सामाजिक सञ्जालमा प्रयोग गरेका शब्दहरू लोकतान्त्रिक बहसको मर्यादाविपरीत रहेको भनिएको छ । बालेनले स्टाटसमा भनेको '७६ जना बच्चाको हत्यारा', 'आतंकवादी' र 'देश जलाउने'जस्ता शब्दहरू कुनै प्रमाण, अनुसन्धान वा अदालतको निर्णयविनै लगाएका आरोप गम्भीर, आपराधिक र तथ्यहीन भएको दाबी गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### चुनावी...

मधेसमा सर्वाधिक प्रयोगमा आउने कुर्थासुरुवालमा सजिएका गगनले मधेसले दिएको राजनीतिक योगदान देशले नसम्झेको तर्कसमेत अघि सारे । केही वर्षअघि हुलाकी राजमार्गको यात्रा गर्दा नै मधेस आउँछु र यहाँका जनताको प्रतिनिधित्व गर्छु भन्ने मनमा लागेको स्मरण गर्दै थापाले मधेसप्रति आफ्नो राजनीतिक प्रतिबद्धता दोहोऱ्याए ।

'नेपालको प्रजातान्त्रिक आन्दोलनमा यति ठूलो योगदान दिएको, यति धेरै सहिद दिएको मधेसले सिंगो नेपालमा पाउनुपर्ने मान सम्मान किन पाएन ?,' यस्तो प्रश्न आफूले पटक-पटक उठाएको गगनको भनाइ थियो । यसको जवाफ खोज्ने र समाधान दिनेगरी आफू सर्लाही-४ को चुनावी मैदानमा आइपुगेको उनको तर्क थियो ।

उनले मुलुकमा प्रजातन्त्र स्थापना र सुदृढीकरणमा मधेसको भूमिका अपरिहार्य रहेको बताए । 'मधेसले कांग्रेसलाई लगाएको गुण, मधेसले नेपालको प्रजातन्त्रका लागि लगाएको गुण र मधेसले सिंगो नेपाललाई दिएको योगदान म राम्रोसँग जान्दछु । मैले पढेर र बुझेर आएको हुँ,' सभापति थापाले भने ।

सभालाई सम्बोधन गर्दै आफू मधेसको सम्मान देखेर आफू उत्साहित भएको बताए । सभापति थापाले मधेसको शिक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाउँदै गणित, विज्ञान र अंग्रेजी विषयमा मधेसका विद्यार्थी कमजोर हुँदै गएको उल्लेख गरे । यसको समाधान खोज्ने प्रतिबद्धता जनाउँदै उनले मधेसमा गणित, विज्ञान र अंग्रेजी शिक्षामा सुधार आवश्यक रहेको बताए ।

'कुनै बेला मधेसका शिक्षकविना पहाड र हिमालमा गणित-विज्ञानको कक्षा चल्दैनथ्यो,' उनले भने, 'सप्तरीका गणित शिक्षकले सोलुखुम्बुको पहाडमा गएर मेरा बाबालाई पढाउनुभयो, त्यसैले उहाँ इञ्जिनियर बन्न सक्नुभयो ।' तर अहिले अवस्था उल्टिएको उल्लेख गर्दै उनले भने, 'इतिहास बोकेको मधेसमा आज गणित, विज्ञान र अंग्रेजीमा सबैभन्दा कमजोर विद्यार्थी देखिनु चिन्ताजनक छ । हिजो मैले यो प्रश्न संसद्मा उठाएँ, आज त्यसको उत्तर खोज्न यहाँ आएको हुँ । उत्तर पनि खोज्छु, समाधान पनि दिन्छु ।'

सभापति थापाले अबको १२-१५ वर्षमा नेपालको आम्दानीको मुख्य स्रोत सूचना प्रविधि हुने उल्लेख गर्दै त्यसका लागि बाल्यकालदेखि नै गणित र विज्ञानमा बलियो आधार आवश्यक रहेको बताए । यसका लागि आफ्नो टिमले शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारका लागि काम गरिरहेको जनाए ।

सभापति थापाले सर्लाही निर्वाचन क्षेत्र नम्बर ४ का जनताको समस्या सुनुवाइ र समाधानका लागि काठमाडौंमा क्षेत्रीय कार्यालय स्थापना गर्ने घोषणासमेत गरे । 'अब निर्वाचन क्षेत्रका जनताले आफ्ना समस्या राख्न प्रतिनिधि खोज्दै भौतारिनु पर्दैन,' उनले भने ।

कांग्रेसले सभापति थापालाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेको छ । 'अबकी बार, गगन सरकार' नाराका साथ गगन सर्लाही-४ मा उत्रेका हुन् ।

■ ■ ■

### सर्लाही...

सर्लाही-४ मा २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि अमरेश नै निर्वाचित भएका थिए । त्यतिखेर उनले कांग्रेसबाट २९ हजार ६०० मत ल्याएका थिए । निकटतम् प्रतिद्वन्द्वी राजपाका राकेश मिश्रले २८ हजार १३६ मत पाएका थिए ।

अघिल्लो निर्वाचनमा कांग्रेसबाट टिकट नपाएपछि तत्कालीन सभापति शेरबहादुर देउवा र डा. आरजु राणाविरुद्ध छेडखानीमा उत्रेका अमरेशले त्यतिबेला एकाएक आफ्नो पक्षमा माहोल बनाएका थिए । अमरेश यसपटक रास्वपाबाट उम्मेदवार बनेका छन् ।

गत निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर जितेको र अहिले रास्वपाकोतर्फबाट मैदानमा उत्रिएकाले अमरेशलाई कांग्रेसकै नेता कार्यकर्ताले बलियो उम्मेदवारका रूपमा हेरेका छन् । त्यसैले गगन र अमरेशबीच कडा प्रतिस्पर्धा हुने ठानिएको छ ।

■ ■ ■

### सुनसरी...

तर, जसरी पनि जितको हकदार आफू हुने लिम्बूले बताए । 'एमाले र मसँग प्रतिस्पर्धी कोही छैनन्, यहाँ २०४८ यता कसैले एमालेविरुद्ध धावा बोल्न सक्दैन र सक्ने छैन,' उनले प्रभावसँग भने, 'यहाँ हाम्रो पक्षमा माहोल छ, जित्ने हामी नै हो ।'

कांग्रेस उम्मेदवार तामाङ आदिवासी आन्दोलनसँग जोडिएका, पूर्वकर्मचारी पृष्ठभूमिका प्रभावशाली उम्मेदवार हुन् । यहाँ आदिवासी जनजाति समुदायको बाहुल्यता छ र कांग्रेसको त्यहाँ कहिल्यै जित नभए पनि स्थिर मतदाता छ । यस्तोमा पार्टी सभापति गगन थापाले कांग्रेसका प्रभावशाली नेता तामाङलाई चुनावी मैदानमा उतारेका हुन् ।

नेकपाबाट उम्मेदवार बनेका मनोज भट्टराई धरान-१७ का पूर्ववडाध्यक्ष हुन् । विगतमा धरान उपमहानगरको कार्यपालिका बैठकमा हर्कसँग भएको नोकझोंकले उनी चर्चामा आउँथे । उनी कार्टुनिस्टहरूले ट्रोल बनाइएका नेता पनि हुन् ।

यहाँ दल र स्वतन्त्र गरी २८ जना उम्मेदवार छन् । तर, चुनावी माहोलले हर्क, सरिन, टीकाराम र सुजेन्द्रबीच कडा प्रतिस्पर्धा हुने संकेत गरेको छ । सुनसरी-१ मा धरान उपमहानगरपालिकासँगै बराह नगरपालिकाको १, २, ३, ४ र ५ नम्बर वडा र रामधुनी नगरपालिकाको ६ र ७ नम्बर वडा समेटिएका छन् ।

निर्वाचन कार्यालय सुनसरीका अनुसार यहाँ कूल मतदाता एक लाख ५० हजार ३९३ जना छन् । यी मतदाताहरूको मत सबैभन्दा बढी कसले पाउँछन् ? चुनाव उनैले जित्ने हुन् ।

फेरि, यसपटकको निर्वाचन जेन-जी विद्रोहको पृष्ठभूमिमा हुँदै छ । केही राजनीतिक विश्लेषकका अनुसार जेन-जी विद्रोहको हावा जुन उम्मेदवारले चलाउन सक्छन्, उनले जितको माहोल बनाउने छ ।

विगतको चुनावी परिणाम केलाउँदा भने यहाँबाट २०४८ सालमा एमालेबाट मनमोहन अधिकारी निर्वाचित भए । पछि उनी नेपालको पहिलो कम्युनिस्ट प्रधानमन्त्री बने । मनमोहनपछि पनि यहाँ २०५१ मा एमालेकै लीला श्रेष्ठ सुब्बा र २०५६ मा कुन्ता शर्माले चुनाव जिते । एमालेको यहाँ हचाट्रिक जित थियो ।

२०६४ को संविधानसभा निर्वाचनमा भने १० वर्ष सशस्त्र युद्ध लडेको नेकपा माओवादीका नेता किरणकुमार राई निर्वाचित भए । कांग्रेस र राप्रपाले कहिल्यै चुनाव नजितेको सुनसरी-१ मा एमालेको 'लालगढ' तत्कालीन माओवादीले तोडेको थियो ।

त्यसपछि दोस्रो संविधानसभा निर्वाचन २०७० मा एमालेकै कृष्णकुमार राई, २०७४ को प्रतिनिधिसभा निर्वाचन पनि एमालेकै जयकुमार राईले निर्वाचन जिते । २०७९ को प्रतिनिधिसभा निर्वाचन भने एमाले समर्थित जसपाका अशोककुमार राईले जितेका थिए ।

२०८२ मा आइपुग्दा एमालेको बलियो प्रभाव क्षेत्रमा श्रम संस्कृति पार्टीका हर्क, रास्वपाकी सरिन, कांग्रेसका सुजेन्द्र र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का मनोज भट्टराईलाई एमाले उम्मेदवार टीकारामविरुद्ध जित निकाल्न त्यति सहज भने छैन ।

तर, विश्लेषकहरू यदि हर्क र सरिनबीच नवपुस्ताको मत विभाजन अधिक भए एमाले उम्मेदवारलाई जितका लागि सहज हुने विश्लेषण गर्छन् । मत विभाजन कम भए कडा प्रतिस्पर्धा हुने ठानिएको छ ।

■ ■ ■

### कोरियाले...

कोरियाले नेपालसहित १७ वटा मुलुकबाट भाषा परीक्षा उत्तीर्ण गरेका अदक्ष कामदारहरूलाई ई-९ भिसामा लग्दै आएको छ । मुलुकमा देखिएको रोजगारीको समस्याका कारण आकर्षक तलब सुविधा दिने कोरियामा नेपाली युवाहरूको आकर्षण बढ्दो छ । नेपालबाट सन् २००८ यता एक लाख २५ हजारभन्दा बढी युवा जिटुजीमार्फत कोरिया गएका छन् ।

पछिल्लो समय न्यून संख्यामा श्रमिक लग्दा परीक्षा उत्तीर्ण भएर रोस्टरमा पालो कुर्दाकुर्दै अवधि सकिनेहरू आक्रोशित हुँदै आएका छन् । उनीहरू कहिले सेक्टर परिवर्तन, रोस्टर अवधि बढाइदिन, रोजगारदाताकोमा फाइल पुग्ने प्रक्रिया पारदर्शी बनाइदिनलगायतका माग राख्दै अहिले पनि आन्दोलित छन् । यद्यपि, कोरियापक्षले भने १६ वटा मुलुकमध्ये नेपालीहरूलाई रोजगारीको अवसर बढी दिएको दाबी गर्दै आएको छ ।

■ ■ ■

### आचारसंहिता...

यस्ता अभिव्यक्तिले सम्बन्धित व्यक्तिको सामाजिक प्रतिष्ठामा गम्भीर क्षति पुऱ्याउनुका साथै राजनीतिक दलप्रति जनघृणा फैलाउने र मतदाताको सोचमा भ्रम सिर्जना गर्ने खतरा रहेको उजुरीमा उल्लेख छ । सोही आधारमा बालेनका अभिव्यक्तिमाथि तथ्यपरक छानबिन गरी आचारसंहिता उल्लंघन ठहर भएमा आवश्यक कानुनी कारबाही गर्न निर्वाचन आयोगसँग माग गरिएको छ ।

साम्पाङविरुद्ध भने निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग गरेको भन्दै उजुरी परेको हो । हालै साम्पाङ भएको टिसर्ट बालबालिकाले लगाएका तस्बिरहरू सार्वजनिक भएका थिए । त्यसपछि साम्पाङ आलोचित भए । उनले निर्वाचन आचारसंहिताविपरीत बालबालिकाको प्रयोग गरेको भन्दै कारबाहीको माग भएको थियो । साम्पाङले आइतबार आफूले निर्वाचनमा बालबालिकाको प्रयोग नगरेको स्पष्टीकरण दिएका थिए ।

आइतबार उनीविरुद्ध धरान नगर बाल सञ्जालले जिल्ला प्रहरी कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएको हो । बालबालिका ऐन २०७५ अनुसार बालबालिकालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा राजनीतिक उद्देश्यका निम्ति प्रयोग गर्न पाइँदैन । साम्पाङविरुद्ध आचारसंहिता उल्लंघन गर्दा हुने कारबाही गर्न पनि माग गरिएको छ ।

बालेन र हर्कमात्रै होइनन्, आचारसंहिता उल्लंघन गर्ने उम्मेदवार, दल र संघसंस्था धेरै छन् । आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लंघन गर्नेहरूलाई धमाधम स्पष्टीकरण नै मागिरहेको छ ।

यही ४ माघको राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिइन् । उनका अनुसार आयोगले काठमाडौं-४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई ७ माघमा स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न पत्राचार गरे पनि आयोगले स्पष्टीकरण प्राप्त गरेको छैन ।

भण्डारीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफाअनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अपांगता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुनेगरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ ।

कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ । सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो । हालै ओलीले झापा-५ मा उम्मेदवारी दर्ता गर्दा कार्कीसँगै थिए । सोही विषयलाई लिएर आयोगमा उजुरी परेको हो ।

दोलखामा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार रहेका जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्न भनी पत्राचार गरिएको थियो । खरेलको स्पष्टीकरण प्राप्त भएको सहायक प्रवक्ता श्रीसले बताइन् । 'उहाँले गल्ती, कमीकमजोरी भए अब सुधार गर्छु भन्नुभएको छ,' उनले भनिन् ।

आयोगले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेस गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेस गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेस गरेको छैन । सरकार मातहतकै परिषद्ले समेत आयोगलाई समयभित्र स्पष्टीकरण पेस नगरेको हो ।

नेपाली कम्युनिस्ट पार्टी जाजरकोटका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । आचारसंहिताको दफा १३ मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसारसम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ । बस्नेतले पनि हालसम्म स्पष्टीकरण बुझाएको छैन । यस्तै, कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । उनले पनि आयोगलाई स्पष्टीकरण बुझाएको छैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट ओखलढुंगामा प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो । यसको जवाफ पनि प्राप्त नभएको आयोगले जनाएको छ ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।१०।०६ गते काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ६ बौद्ध नयाँवस्तीस्थित घर अगाडि मोटरसाइकल पार्किङ गरी राखिएको अवस्थामा कालो रङ्गको बजाज कम्पनीको २२० सि.सि. को मोटरसाइकल अन्दाजी रातको २२:३० बजेको समयमा हराएको हुँदा भेट्नुहुने अथवा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : शुभप्रवा बचत तथा ऋण सहकारी संस्था लि.**
**ऋणीको नाम : सुवास बुढाथोकी**
**बाइक नं. : बा.प्र. ९७ प ३२०१**
**च्यासिस नं. : MD2A13EY0JCD-52848**
**इन्जिन नं. : DKYCJD-52486**
**ठेगाना : बौद्ध, काठमाडौँ**
**सम्पर्क नं. ९८५१०१८४८३**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१३**

**मेड स्पिरिट अलायन्स प्रा. लि.** को मिति २०८२/१०/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **नेशनल एकेडेमी अफ लाईफस्टाईल मेडिसिन प्रा. लि. (दर्ता नं. २६३४९७)** कायम गर्ने गरी मिति २०८२/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।१०।१३**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **क्याटालिस्ट ग्लोबल पाथवे** (दर्ता नं. २६००६७) को नाममा रहेको चल -अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.**ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०४/१८ मा दर्ता भएको प्रा.लि.नं. ४७२३८ को **क्यापासिटी बिल्डिङ इन्टरनेशनल नेटवर्क** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**ओर्फिक ट्रेडर्स प्रा.लि**
**चुच्चेपाटी, काठमाडौंको**

**मूल्य सूचि सम्बन्धि सूचना**

यस प्रा.लि.द्धारा मेक्सिकोमा बनेको **(Made in Mexico)** आयातित बियर मिति २०८२/१०/१३ गतेदेखि नेपाल भरी लागु हुने गरी निम्नानुसार मुल्य निर्धारण (नगद छुट गरेकोमा बाहेक) गरिएको व्योहोरा सबैको जानकारीको लागि सुचित गरिन्छ । प्रकाशित मुल्यमा मु.अ.कर समेत समावेश गरिएको छ ।

| Imported Beer Shitse -3828 | 355 ML x 24 Bottle Per Case |
|---|---|
| **विवरण** | **रकम रू.** |
| डिस्ट्रिब्युटर मूल्य (प्रति कार्टुन) | ९०१० |
| डिस्ट्रिब्युटर मार्जिन (प्रति कार्टुन) | ५८५ |
| थोक विक्रेता मूल्य (प्रति कार्टुन) | ९५९५ |
| थोक विक्रेता मार्जिन (प्रति कार्टुन) | ४४० |
| खुद्रा विक्रेता मूल्य (प्रति कार्टुन) | १००३५ |
| खुद्रा विक्रेता मार्जिन (प्रति कार्टुन) | ७६५ |
| अधिकतम उपभोक्ता मूल्य (प्रति कार्टुन) | १०८०० |
| अधिकतम उपभोक्ता मूल्य (प्रति इकाई) | ४५० |



**बलवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बलवा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र संसोधन सम्बन्धि सूचना**

**सूचना प्रकाशन मिति : २०८२/१०/१३**

श्री नगरपाललकाको खानेपानी आपुर्तिका लागि कल जडान (Balwa.mun/W/NCB/03/2082-083) कार्यको लागि Single-Stage Double-Envelope Bidding मिति २०८२/१०/११ गते www.bolpatra.gov.np/eGP प्रणाली मार्फत बोलपत्र आहवान गरिएको सार्वजनिक खरिद नियमावली (बाह्रौं संसोधन २०७९) तथा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारि हुने Standard Bidding Document एवं नगरपालिकाको मिति २०८२/१०/०८ गतेको निर्णयानुसार अन्य कुरा यथावत रहने गरि तपसिल अनुसार संसोधन गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| Contract No. | Description | Original | Ammendments |
|---|---|---|---|
| Balwa.mun/W/NCB/03/2082-083 | Section III: Evaluation and qualification criteria ITB 2.4.2 | Contracts of Similar Size and Nature (i) For Works of Regular Nature or Non-Complex works with value up to NRs. 2.03 million | Contracts of Similar Size and Nature (i) For Works of Regular Nature or Non-Complex works with value up to NRs. 20.3 million |
| | Section III: Evaluation and qualification criteria ITB 2.3.4 | Required Bid Capacity should be equal to or more than the NRs. 2.54 million | Required Bid Capacity should be equal to or more than the NRs..25.4 million |
| | Section III: Evaluation and qualification criteria ITB 2.3.2 | Minimum average annual construction turnover of NRs 1.3 million | Minimum average annual construction turnover of NRs 13 million |

| Contract No. | Description | Original | Ammendments |
|---|---|---|---|
| Balwa.mun/W/NCB/03/2082-083 | Section III: Evaluation and qualification criteria ITB 2.4.2 (a) (i) | **Construction Experience in key Activities.** 1. Supplying and delievery of Hand pipe head no.06 original (HLC) or equivalent 352 nos. quantity. 2. Supply and delivery of 50 mm dia H.D.P.E pipe (6kg./sq/m)11500kg in wt. or 21200 Rm in length 3. 2"dia.boring 3500m by manual or by machine | **Construction Experience in key Activities.** 1. Supplying and delievery of Hand pipe head no.06 original (HLC) or equivalent 330 nos. quantity. 2. Supply and delivery of 50 mm dia H.D.P.E pipe 17000 Rm in length 1. 2" dia.boring 8500 m (production rate per annum) by manual or by machine |
| | Section III: Evaluation and qualification criteria ITB 2.2.1 | All pending litigation shall be treated as resolved against the Bidder and so shall in total not represent more than ...... (1)..... percent of the Bidder's net worth. | All pending litigation shall be treated as resolved against the Bidder and so shall in total not represent more than 60 percent of the Bidder's net worth. |
| | Section III: Evaluation and qualification criteria ITB 2.3.1 | Submission of audited balance sheets and income statements, for the last .....(1)..... years. | Submission of audited balance sheets and income statements, for the last 5 years. |

**प्रमुख प्रशासकीय अधिकृत**

# मतपत्र छपाइको अनुगमनमा प्रमुख निर्वाचन आयुक्त भण्डारी

■ प्रभाव संवाददाता

**भक्तपुर–** आगामी फागुन २१ गते हने प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फको मतपत्र छपाइ सोमबारदेखि सुरु भएको छ ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलगायतका आयोगका पदाधिकारीहरूको टोलीले सोमबार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी पुगेर प्रत्यक्षतर्फको मतपत्र छपाइको अनुगमन एवं निरीक्षण गर्दै सो जानकारी दिएको हो । उनलाई केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मतपत्र छपाइको अवस्थाका बारेमा जानकारी गराएका थिए ।

केन्द्रमा मतपत्र छपाइको निरीक्षणपछि सञ्चारकर्मीहरूलाई यसबारे जानकारी दिँदै प्रमुख निर्वाचन आयुक्त भण्डारीले सोमबार प्रतिनिधिसभा सदस्य निर्वाचनका समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न गरी प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु गरेको बताए ।

उनले सोमबार भने, 'समानुपातिकतर्फको दुई करोड आठ लाख ५४ हजार ८०० प्रति मतपत्र छपाइ आज सम्पन्न भएको छ । आजैदेखि प्रत्यक्षतर्फको दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ सुरु भएको छ । आगामी १५ दिनभित्र सबै मतपत्र छपाइ हुने छ ।' आगामी फागुन ५ गतेभित्र सबै निर्वाचन क्षेत्रमा मतपत्र पठाइसक्ने योजना रहेको उनले सुनाए ।

आयोगबाट निर्वाचन क्षेत्र, निर्वाचन स्थल र केन्द्रमा पठाउने मतपत्र छिटोभन्दा छिटो विभिन्न साधनहरूबाट पठाउने काम हुन लागेको जानकारी दिँदै उनले मतदानअघि मतपत्रको सुरक्षाका साथै निर्वाचनको सबै तयारी करिब पूरा भएको बताए ।

भण्डारीले एक करोड ८९ लाख तीन हजार ६८९ मतदातालाई मतदानका लागि १० हजार ९६७ मतदानस्थलअन्तर्गत २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरेको बताउँदै निर्वाचनलाई सफल बनाउन सबै संवेदनशील हुनुपर्ने बताए । यसअघि जनक शिक्षाले १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाई पठाएको थियो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 138 | N/A | CHINA | PCS | 6,300.00 | 7,600.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 18 | N/A | CHINA | PCS | 7,500.00 | 9,000.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 08 | N/A | CHINA | PCS | 7,500.00 | 9,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 38 | N/A | CHINA | PCS | 9,650.00 | 11,500.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 68 | N/A | CHINA | PCS | 9,500.00 | 11,350.00 | |
| 6 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 48 | N/A | CHINA | PCS | 7,950.00 | 9,550.00 | |

बिक्रेताको फर्मको नाम: S.K Energy Traders — स्थायी लेखा नं: 302252282
ठेगाना: Ramhiti, Boudda, Kathmandu, Nepal — फोन नं: 9851040703


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/०१ मा दर्ता भएको **प्रा.लि. नं. १५४१५१/०७३/०७४** को **स्याटलाइट ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** को मिति २०८२/०९/०१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१०/१३ गते**

यस कम्पनीको मिति २०८२/१०/११ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिप नेपाल फ्याक्ट्री प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिप नेपाल ट्रेडिङ प्रा.लि. (प्रा.लि.नं. ३५७१४१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## डिभिजन वन कार्यालय कैलालीको काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति (२०८२/१०/१३)**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत आ.व. २०८२/०८३ मा धनगढी उ.म.न.पा.३ स्थित आन्तरिक राजस्व कार्यालय एवं दिपेन्द्र प्रहरी स्कुल नजिक, धनगढी उ.म.न.पा. ४ महिमा टोलको सडक छेउछाउको जोखिमयुक्त रूखहरु कटान, मुछान, संकलन भई घाटगद्दीमा रहेको साल गोलिया काठ १०६.६४ क्यु.फिट र दाउरा ०.११ चट्टा, सिमल गोलिया काठ ६७४.३ क्यु.फिट र दाउरा ०.५ चट्टा, निम मसाला आदी गोलिया काठ ३२१.७२ क्यु.फिट र दाउरा १.४ चट्टा दक्षिणकाली टोल जाने बाटोको साल गोलिया काठ १६८८.९६ क्यु.फिट सिसौ १५.०९ क्यु.फिट र जोखरताल जाने साल गोलिया काठ ५३०.१५ क्यु.फिट लिलाम बिक्री गर्नु पर्ने भएको हुंदा उक्त काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले मूल्य अभिवृत्ति करमा दर्ता भई सुचिकृत भएका स:मिल काष्ठ व्यवसायीहरूले मात्र यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयवाट बोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२(वाईसौ) दिनमा दिनको ३:०० बजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत विवरण सहितको जानकारीको सूचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचना वोर्डमा टांस गरिएको व्योहोरा समेत सुचित गरिन्छ ।


## मलेसियामा रोजगार

कम्पनी : SONG JU FARMING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 326307 | चलानी नं. ६०२४०२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Farm General Worker | 12 | 0 | 1700 | ६२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## कतारमा रोजगार

कम्पनी : NOOTAZ TRADING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 327036 | चलानी नं. ६०२४०९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 4 | 0 | 1100 | ४३,८७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 3 | 0 | 2000 | ७९,७६५ | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | 1600 | ६३,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

AL-HARMAIN H.R. PVT. LTD.
Govt.Lic. No 1160/073/74
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np

## साउदीमा रोजगार

कम्पनी : AL SHALAWI LOGISTICS

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337782 | चलानी नं. ६०२५१२५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 10 | 0 | 1800 | ६९,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## ओमनमा रोजगार

कम्पनी : Light Road for Investment and Business LLC

पूर्व स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 337797 | चलानी नं. ६०२५१२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 5 | 0 | 140 | ५२,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 5 | 5 | 150 | ५६,७२० | | | | | | | |
| 3 | Housekeeping Staff | 5 | 0 | 120 | ४५,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Gulf Asia Manpower Pvt.ltd. — गल्फ एसिया मेनपावर प्रा.लि. — A recruitment Company
Govt. License No. 1278/074/75
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255

## युएइमा रोजगार

कम्पनी : OASIS CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 327230 | चलानी नं. ६०२४२०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 0 | 1000 | ३९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Govt. License 083/053/054
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## युइएमा रोजगार

कम्पनी : PIONEER GENERAL CONTRACTING L.L.C - BRANCH

पूर्व स्वीकृति मिति : २०८२/१०/०६ | LT. No. 337292 | चलानी नं. ६०२५०८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 1500 | ५९,३८७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | 1500 | ५९,३८७ | | | | | | | |
| 3. | Plumber | 3 | 0 | 1500 | ५९,३८७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## कतारमा रोजगार

कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | LT. No. 337535 | चलानी नं. ६०२५१२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 1 | 0 | 3900 | १५५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | 1800 | ७१,७९० | | | | | | | |
| 3. | Cleaner & office boy | 2 | 0 | 1600 | ६३,८१५ | | | | | | | |
| 4. | Foreman | 2 | 0 | 2800 | १११,६७५ | | | | | | | |
| 5. | Supervisor | 2 | 0 | 2800 | १११,६७५ | | | | | | | |
| 6. | Waiter | 2 | 0 | 1700 | ६७,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ALL RAHIM MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. १२६४/०७४/०७५
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal Tel: 014544419 / 014544429, Mob. 9851141406, 9803922236, Branch Office Prithibi Chowk, 9, Kaski, Pokhara, Mob: 9820073925,
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com

## साउदीमा रोजगार

कम्पनी : ESTABLISHMENT KHALIYAT GHAYM WA QAMAR

पूर्व स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 337801 | चलानी नं. ६०२५१२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएइमा रोजगार

कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 317791 | चलानी नं. ६०२३२०८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 23 | 8 | 1200 | ४७,५१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 92 | 0 | 800 | ३१,६७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
श्रम ईजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 9851419911, 9851040203 E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला । (प्रत्येक रोजगार विज्ञापनमा दोहोरिएको)


## लम्कीचुहा नगरपालिका
## लम्कीचुहा अस्पताल विकास समिति

**भल्का कैलाली**
**सुदुरपश्चिम प्रदेश,नेपाल**

## बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित: २०८२/१०/१३**

यस लम्कीचुहा अस्पताल विकास समितिबाट आ.व. २०८२/०८३ मा फार्मेसीका लागि आवश्यक पर्ने सर्जिकल तथा केमिकल सामाग्रीहरु खरिद सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सूचनामा उल्लेखित सेवा सर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित सर्जिकल तथा स्वास्थ्य सामाग्री बिक्रेता, व्यवसायी, व्यक्ति वा फर्महरूले लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीको कार्यालयबाट फिर्ता नहुने गरी रु ३०००।- तिरी बोलपत्र फाराम खरिद गरी रु१०।- को टिकट टाँसी १६ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र खरिद गर्दा निम्न कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

क) फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता तथा आ.व २०८१।८२ को कर चुक्ता प्रमाणपत्र वा थप म्याद सहितको नवीकरण भएको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ख) कबुल अंकको २.५ प्रतिशत हुने धरौटी लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीको नाममा कृषि बिकास बैंक लिमिटेड लम्की कैलालीमा रहेको खाता नं. ०८-२४९-०१६१६८६६-०३-२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड वण्ड संलग्न हुनु पर्नेछ ।

२) बोलपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।

३) बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थान यो सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजे भित्र लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीमा पेश गर्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरु गर्न सकिन्छ ।

४) सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान यो सूचना प्रकाशित भएको १६ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधिको रोहबरमा लम्कीचुहा अस्पताल विकास समितिमा खोलिने छ । ठेकेदारको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । माथिको बुँदा नं. ३ अनुसार सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा सिलबन्दी बोलपत्र खोलिने छ ।

५) यस सूचनामा उल्लेख भएका कुराहरु पेश नगरी, बोलपत्रको रीत नपुर्याइ वा ढिलो गरी प्राप्त भएको बोलपत्र माथि कुनै कार्वाही गरिने छैन ।

६) बोलपत्र दाताले मु.अ.कर लाग्ने सामाग्रीहरु भएमा आफ्नो कबोल अंकमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ । मु.अ.कर रकम छुट्टै भुक्तानी गरिनेछ । बोलपत्रको दर्ता लम्कीचुहा अस्पताल विकास समिति भल्का, कैलालीमा गर्नु पर्नेछ ।

७) बोलपत्र स्वीकृत नभएमा बोलपत्र दाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।

८) बोलपत्र दाता खरिद कार्बाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा पत्र समेत बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९) सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ । कार्यालयको बोलपत्र आइटम वाइज वा प्याकेजमा स्वीकृत गर्न सकिने छ ।

१०) खरिद गरिने सर्जिकल तथा केमिकल सामानहरु WHO GMP Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ र सोको उपयोग मिति (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले २४ महिनाको हुनु पर्नेछ । म्याद कम भएको सर्जिकल र केमिकल सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन ।

११) सप्लाई गर्ने सर्जिकल तथा केमिकल Jar, Kit and Bottle मा सप्लाई गर्नु पर्नेछ ।

१२) यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) अनुसार हुनेछ ।

१३) बोलपत्र सम्बन्धि आवश्यक कुराहरु बुझ्नु परेमा लम्कीचुहा अस्पताल विकास समिति भल्का कैलालीमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | दरभाउपत्र सूचना नं. | खरिद सामाग्री विवरण | इष्टिमेट अंक (मु अ.कर बाहेक | धरौटी | कैफियत |
|---|---|---|---|---|---|
| १ | 02/LCH/ Goods/2082/83 | सर्जिकल र केमिकल सामाग्री | रु २०,००,०००।- | ५०,०००।- | सर्जिकल र केमिकल सामाग्री खरिद |

**सदस्य सचिव**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति**
वि.सं. २०११/०६/१९ गते

**स्वर्गारोहण मिति**
वि.सं. २०८२/०९/२१ गते

**स्व. ओङ नुर्बु शेर्पा**

उमाकुण्ड गा.पा.१ गुम्देल, रामेछाप स्थायी घर भई हाल शान्ति गोरेटो चावहिल काठमाडौँ बस्दै आउनुभएका यस शेर्पा सेवा केन्द्रको संरक्षक सदस्य **श्री ओङ नुर्बु शेर्पा**को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोले आज **२१औं दिन**को पून्यतिथिमा दिवंगत आत्मको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
**अध्यक्ष**
**तथा सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार, बौद्ध टुसाल**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# 'फेक रेस्क्यु' धन्दाबाट पर्यटन क्षेत्र जोगाऊ

पर्यटन क्षेत्रमा हिमाल आरोहण नेपालको निकै आकर्षक क्षेत्र हो । आकाशबाट होस या पैदलै, हिमाल हेर्न नेपाल आउने पर्यटकको संख्या हजारौं हुन्छ । कोही हिमाल आरोहण गर्न आइपुग्छन् भने कोही छेउबाट हिमाल हेर्नमात्र पनि पदयात्रामा पुग्छन् । धेरैजसो पर्यटन व्यवसायी हिमाल हेर्न आउने पर्यटकमै निर्भर छन् । हिमाल आरोहण गाइड, पदयात्रा गाइड, हिमाली क्षेत्रका होटल पनि यही पर्यटनमा निर्भर छ । यसैगरी हवाई क्षेत्रको ठूलो हिस्सा पनि यही क्षेत्रको पर्यटकले धानेको छ ।

हिमाली क्षेत्रमा पर्यटनको जति अवसर छ, जोखिम उत्तिकै छ । हाइ अल्टिच्युडका कारण लेक लाग्ने, बिरामी हुने, विभिन्न दुर्घटना हुने घटना सामान्य हुन्छन् । यस्ता विपद्बाट बच्न पर्वतारोहण कम्पनी, ट्रेकिङ कम्पनीले पर्यटकका लागि स्वास्थ्य कार्यक्रमहरू बनाएका हुन्छन् । जसमा बिमादेखि उद्धारका कार्यक्रम पनि समावेश गरिन्छ ।

नियमितरूपमा विपद्मा परेका पर्यटकको उद्धारमा खट्ने कम्पनीहरूले विगत केही वर्षदेखि 'फेक रेस्क्यु' अर्थात् नक्कली उद्धारसमेत गर्दै आएको खुलेको छ । यसमा ट्रेकिङ तथा ट्राभल एजेन्सी, ट्रेकिङ गाइड, उड्डयन कम्पनी र अस्पतालहरूकोसमेत मिलेमतो भएको देखिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले हालै गरेको अनुसन्धानमा एक हजार २४८ जनाको उद्धार गर्दा १७१ जनाको नक्कली उद्धार गरेको भेटिएको जनायो ।

छ वटा विभिन्न कम्पनीले गरेको यस्तो उद्धारमा १० करोड रूपैयाँभन्दा बढी अमेरिकी डलर बिमा दाबी गरेको अनुसन्धानबाट खुलेको छ । कम्पनीहरूले ट्रेकिङ गाइडलगायतको मिलेमतोमा बिरामी हुनेखालको खाना खुवाउने, हाई अल्टिच्युड लाग्न नदिने भन्दै विभिन्न औषधि खुवाउने र बिरामी परेपछि उनीहरूलाई हेलिकप्टरबाट उद्धार गर्ने गरेको खुलेको छ ।

हेलिकप्टरबाट निकै महँगो भाडा लिएर उद्धार गर्ने र त्यसपछि अस्पतालमा राखेर महँगो बिल तयार पारेर बिमा कम्पनीबाट रकम भुक्तानी लिने गरिएको भेटिएको छ । उपचारका क्रममा गम्भीर समस्या भएको देखाएर अस्पतालहरूले महँगो बिल तयार पार्ने र भुक्तानीका लागि बिमा कम्पनीसँग दाबी गर्छन् । यी सबै धन्दा गिरोहमार्फत चलाइने र यस्तो धन्दाले नेपालको पर्यटन क्षेत्रकै छवि बिगारेको देखिएको छ ।

कुनै पनि सेवामा ठगी भएमा त्यसको प्रभाव नराम्रो हुन्छ नै । कुनै ग्राहकले आफू ठगेको महसुस गरेमा त्यो अनुभव आफ्ना साथीभाइदेखि अरूलाई पनि सुनाउने गर्छन् । जसले गर्दा हिमाल देखाएर धानेको नेपालको पर्यटन क्षेत्र ओरालो लाग्ने निश्चित छ । त्यसैले सरकारले यस्तो विषयमा अनुसन्धान बढाएर सुधारको आशा देखाएको छ । चाँडै यस्ताखाले धन्दाको अन्त्य गरेर पर्यटन क्षेत्र धुमिल बनाउन खोज्नेहरूलाई कडा कारबाही गरोस् । फेक रेस्क्युको धन्दाबाट मुलुकको पर्यटन क्षेत्र जोगाऊ ।

# नेपालको भूराजनीतिक चुनौती



❑ पुष्पराज गिरी

> "जब कुनै राष्ट्र आन्तरिकरुपमा कमजोर हुन्छ, बाह्य शक्तिका लागि त्यसमा प्रभाव जमाउनु सजिलो हुन्छ । नेपालमा यही खतरा बढ्दै गएको छ । नेपालमाथि भविष्यमा देखिन सक्ने कूटनीतिक दबाबहरु बहुआयामिक हुन सक्छन् । पूर्वाधार परियोजना, ऊर्जा सम्झौता, सीमा व्यवस्थापन, सुरक्षा सहकार्य, वैदेशिक सहायता र ऋण । यी सबै विषयहरुमा 'सामरिक सुरक्षा'को तर्क प्रयोग गरेर दबाब सिर्जना हुन सक्छ । आजको विश्वशक्ति राजनीतिमा सबैभन्दा ठूलो जोखिम साना राष्ट्रहरुका लागि यही नै हो ।

समकालीन विश्व व्यवस्था अहिले एक गम्भीर मोडमा उभिएको छ । अन्तर्राष्ट्रिय सम्बन्धका स्थापित सिद्धान्त सम्प्रभुता, समानता, अन्तर्राष्ट्रिय कानुन र साना-ठूला राष्ट्रबीचको मर्यादित सहअस्तित्व विस्तारै कमजोर हुँदै गएका देखिन्छन् । शक्तिशाली राष्ट्रहरूले 'राष्ट्रिय वा सामरिक सुरक्षा'को नाममा खुलारूपमा प्रभाव क्षेत्र विस्तार गर्ने नीति अपनाउनु यसको प्रमुख कारण हो । आज विश्व राजनीति यस्तो चरणमा प्रवेश गरेको छ, जहाँ शक्तिराष्ट्रले जे गरे पनि हुन्छ भन्ने मानसिकता संस्थागत हुँदै जाने गम्भीर खतरा देखापरेको छ ।

## बदलिएको सामरिक सुरक्षाको पुनः परिभाषा र शक्ति प्रदर्शन

अहिले विश्वमा सामरिक सुरक्षा केवल सिमाना रक्षा वा सैन्य प्रतिरक्षासम्म सीमित छैन । ऊर्जा मार्ग, समुद्री नियन्त्रण, रणनीतिक भूभाग, प्रविधि प्रभुत्व र राजनीतिक प्रभावहरू, यी सबै सामरिक सुरक्षाको अभिन्न अंग बनेका छन् । यही सन्दर्भमा शक्तिशाली राष्ट्रहरूले साना वा कमजोर देशमाथि प्रभाव जमाउन खुला र अप्रत्यक्ष दुवै रणनीतिलाई प्रयोग गरिरहेका छन् । पछिल्लोपटक डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति बनेपछि अमेरिकाको सुरक्षा नीतिमा पुनः 'अमेरिका फर्स्ट' अवधारणा आक्रामकरूपमा फर्किएको देखिन्छ । ग्रिनल्याण्डलाई सामरिक सुरक्षाको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण भन्दै त्यसमा नियन्त्रण वा प्रभाव विस्तार गर्ने सोच सार्वजनिक बहसमा आउनु सामान्य कूटनीतिक विषय होइन । आर्कटिक क्षेत्र, दुर्लभ खनिज र सैन्य दृष्टिले रणनीतिक अवस्थिति, यी सबै कारणले ग्रिनल्याण्ड अमेरिकाका लागि सामरिक केन्द्र बन्दै गएको छ । यहाँ समस्या ग्रिनल्याण्डमात्र होइन, समस्या के हो भने, यदि एक शक्तिशाली देशले खुलेआम अर्को भूभागलाई आफ्नो सुरक्षाका लागि आवश्यक भन्दै नियन्त्रण गर्न खोज्न सक्छ भने, अन्तर्राष्ट्रिय कानुनको औचित्य कहाँ रहन्छ ? पछिल्लो घटनालाई हेर्ने हो भने सन् २०२६ जनवरी ३ को बिहानीपख अमेरिकी विशेष दस्ताले भेनेजुएलाको राष्ट्रपति भवनमा 'सर्जिकल स्ट्राइक' गर्दै राष्ट्रपति निकोलस मादुरोलाई शयनकक्षबाटै उठाएर न्युयोर्क पुर्‍याएपछि २१औं शताब्दीको कूटनीतिक शब्दकोसबाट 'संयमता' शब्द निष्क्रियजस्तो बनेको देखियो । भेनेजुएलामा भएको घटनाले विश्वराजनीतिमा एउटा नयाँ र कठोर अध्यायको सुरुआत गरेको छ भन्न सकिन्छ । यो घटनालाई धेरैले 'अन्तर्राष्ट्रिय कानुनको उल्लंघन' भनेर आलोचना पनि गरे । भेनेजुएलामाथिको कारबाहीले विश्वलाई फेरि 'प्रभाव क्षेत्र'मा विभाजित गरिदिएको छ । कूटनीतिकरूपमा यो अप्रिय सुनिएला, तर शक्ति राष्ट्रहरूले आफ्नो सुरक्षाका लागि 'बफर जोन' को संवेदनशीलतालाई सधैं प्राथमिकता दिन्छन् र लक्ष्य प्राप्तिका लागि कतिसम्म कठोर कदम चाल्दछन् भन्ने उदाहरण अमेरिकी कदमबाट स्पष्ट अनुमान गर्न सकिन्छ ।

रुसले युक्रेनमाथि २४ फेब्रुअरी २०२२ मा आक्रमण सुरु गरेपछि दुई देशबीचको युद्ध वर्तमानसम्म जारी रहेको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विशेष सैनिक कारबाहीको घोषणा गर्दै यस युद्धको थालनी गरेका थिए । यद्यपि, दुई देशबीचको तनाव सन् २०१४ मा क्रिमियामाथि रुसले गरेको विलयबाटै जारी थियो, जसले फेब्रुअरी २०२२ मा पूर्णयुद्धको रूप लिएको थियो । पुटिन नेतृत्वको रुसले आफ्नो सामरिक सुरक्षाका लागि युक्रेनमाथि प्रभाव आवश्यक भएको तर्क अगाडि सार्दै विगत चार वर्षभन्दा बढी समयदेखि युद्ध जारी राख्नु विश्वराजनीतिमा सबैभन्दा खतरनाक दृष्टान्त बनेको छ । नाटोको विस्तारलाई आफ्नो सुरक्षाका लागि प्रत्यक्ष खतरा ठान्दै रुसले युक्रेनलाई स्वतन्त्र निर्णय गर्ने अधिकारबाट वञ्चित गर्न खोजेको छ । यस युद्धले के देखाएको छ भने, यदि शक्तिशाली राष्ट्रको 'सुरक्षा चिन्ता'लाई नै सर्वोपरि मानियो भने साना राष्ट्रको सम्प्रभुता कागजमै सीमित रहन पुग्दछ । युक्रेन आज केवल युद्धभूमि होइन, यो अन्तर्राष्ट्रिय प्रणाली असफल भएको प्रतीक पनि हो । यदि युक्रेनमाथि गरिएको हस्तक्षेपलाई दीर्घकालीनरूपमा स्वीकार्य बनाइयो भने भोलि संसारका अन्य साना राष्ट्रहरू पनि यस्तै तर्कको सिकार बन्दै जाने खतरा देखिन्छ ।

सन् १९४९ मा चिनियाँ गृहयुद्धको अन्त्यपछि जब पराजित कुमिन्ताङ सरकार ताइवान टापुमा भागेर गयो त्यसपछि चीन र ताइवानबीचको तनाव सुरु भएको थियो । चीनले ताइवानलाई आफ्नो एक अभिन्न प्रान्त मान्दछ र 'एक चीन नीति' अन्तर्गत यसलाई फेरि मुख्यभूमिमा गाभ्न चाहन्छ । तर ताइवानले आफ्नो संविधान, प्रजातान्त्रिक सरकार र सेना भएको एक स्वशासित राष्ट्रको रूपमा व्यवहार गर्छ, जो बेइजिङको अधीनमा रहन चाहँदैन । यो विवाद मुख्यतः विचारधाराको भिन्नता कम्युनिस्ट चीन र लोकतान्त्रिक ताइवान र ताइवानको सार्वभौमिकताको प्रश्नमा केन्द्रित रहेको देखिन्छ । चीनको दृष्टिमा ताइवान आफ्नो सामरिक सुरक्षा अपूर्ण रहेको दाबी केवल आन्तरिक राजनीति होइन, यो विश्व शक्ति सन्तुलनसँग जोडिएको प्रश्न हो । चीनले ताइवानलाई आफ्नो अभिन्न अंग मानेको छ र आवश्यक परे शक्ति प्रयोग गर्ने संकेत पनि बारम्बार दिँदै आइरहेको छ । यदि ताइवानमाथि बल प्रयोग गरिन्छ भने त्यसले केवल पूर्वी एसियालाई होइन, सम्पूर्ण विश्व व्यापार, प्रविधि आपूर्ति शृंखला र अन्तर्राष्ट्रिय सम्बन्धलाई अस्थिर बनाउने छ । तर अझ खतरनाक पक्ष के हो भने, यस्तो कदम सफल भयो भने 'शक्ति नै न्याय हो' भन्ने सिद्धान्तले विश्वराजनीतिमा स्थायी ठाउँ बनाउने छ ।

## मध्यपूर्व र साना राष्ट्रमाथिको खुला दबाब

अरब तथा मध्यपूर्वी राष्ट्रहरूमा पनि सामरिक सुरक्षाको नाममा छिमेकी साना वा कमजोर मुलुकमाथि प्रत्यक्ष र अप्रत्यक्ष हस्तक्षेपका उदाहरणहरू देखिन्छन् । शक्ति, ऊर्जा स्रोत, धार्मिक प्रभाव र क्षेत्रीय प्रभुत्वका लागि गरिने यस्ता हस्तक्षेपले अन्तर्राष्ट्रिय नियमभन्दा शक्ति ठूलो भएको सन्देश प्रवाह गरिरहेको छ । इजरायल तथा प्यालेस्टाइनका मानिसहरूबीच चलेको लडाइँ विश्वकै सबभन्दा लामो र हिंस्रक संघर्षमध्येको एक बन्यो । यसको जरा एक शताब्दीभन्दा पुरानो छ । विभिन्न समयमा इजरायल तथा अरब देशहरूबीच शृंखलाबद्ध लडाइँ भएका छन् । इजरायली अतिक्रमणविरुद्ध इन्तिफादा भनिएको विद्रोह अनि त्यसका विरुद्ध इजरायलले गरेका कारबाही लगातार चलेका छन् । जमिन, सिमाना तथा अधिकारसँग जोडिएका ऐतिहासिक विवादका असर अहिले पनि अनुभव गरिँदै छ । जसमा हालैको इजरायल तथा गाजास्थित हमासको लडाइँ पनि पर्छ । यी सबको मुख्य कारण सामरिक सुरक्षा रणनीतिलाई नै देखाइएको छ ।

## खतरनाक नजिर, साना राष्ट्रहरुको भविष्य र नेपाल

उदाहरणका रूपमा माथि उल्लेख गरिएका सबै घटनाहरूको साझा सूत्र एउटै हो, यदि ठूला र शक्तिशाली राष्ट्रले आफ्नो सुरक्षाको नाममा जे गरे पनि हुन्छ भने त्यो व्यवहार नजिर बन्छ । नजिर बनेपछि त्यो केवल अमेरिका, रुस वा चीनमामात्र सीमित रहने छैन । विश्वका हरेक क्षेत्रीय शक्ति राष्ट्रले त्यही तर्कलाई हतियार बनाएर प्रयोग गर्न थाल्छन् । यसको प्रभाव नेपाल र नेपालजस्ता साना राष्ट्रहरूमा प्रत्यक्षरूपमा देखिन सक्छ । नेपाल भौगोलिकरूपमा दुई ठूला शक्ति भारत र चीनको बीचमा अवस्थित रहेको छ । यही अवस्थिति नेपालका लागि अवसर र जोखिम दुवै हो । तर अहिलेको विश्व परिवेशमा यो जोखिम झनै गहिरिँदै गएको देखिन्छ ।

नेपाल आज केवल भारत र चीनको प्रभाव क्षेत्रबीच मात्र छैन, अमेरिकी प्रभाव भनिएको कूटनीतिक दबाब पनि थपिएको छ । विकास सहायता, रणनीतिक साझेदारी, सुरक्षा सहकार्य र वैचारिक प्रभावका माध्यमबाट नेपाललाई आफ्नो पक्षमा राख्ने उद्देश्यले भइरहेका प्रयासहरू स्पष्ट देखिन्छन् । नेपालको अर्को गम्भीर कमजोरी भनेको आन्तरिक राजनीतिक अस्थिरता हो । बारम्बार सरकार परिवर्तन, नीति निरन्तरताको अभाव, कमजोर कूटनीतिक क्षमता र राष्ट्रिय सहमतिका विषयहरूमा विभाजन- यी सबैले नेपाललाई बाहय दबाबका लागि झनै संवेदनशील बनाएको छ ।

जब कुनै राष्ट्र आन्तरिकरूपमा कमजोर हुन्छ, बाहय शक्तिका लागि त्यसमा प्रभाव जमाउनु सजिलो हुन्छ । नेपालमा यही खतरा बढ्दै गएको छ । नेपालमाथि भविष्यमा देखिन सक्ने कूटनीतिक दबाबहरू बहुआयामिक हुन सक्छन् । पूर्वाधार परियोजना, ऊर्जा सम्झौता, सीमा व्यवस्थापन, सुरक्षा सहकार्य, वैदेशिक सहायता र ऋण । यी सबै विषयहरूमा 'सामरिक सुरक्षा'को तर्क प्रयोग गरेर दबाब सिर्जना हुन सक्छ । आजको विश्वशक्ति राजनीतिमा सबैभन्दा ठूलो जोखिम साना राष्ट्रहरूका लागि यही नै हो । यदि शक्तिशाली राष्ट्रहरूको सामरिक सुरक्षाको नाममा गरिएका कदमहरू वैध मानिँदै गए भने नेपालजस्ता मुलुकको सम्प्रभुता कूटनीतिक सौदाबाजीको विषय बन्न सक्छ । यसबाट बच्ने एकमात्र उपाय भनेको स्पष्ट, सन्तुलित र राष्ट्रिय सहमतिमा आधारित परराष्ट्र नीति नै हो ।

असंलग्नताको सिद्धान्तलाई आधुनिक सन्दर्भमा पुनः व्याख्या गर्दै, कुनै पनि शक्ति राष्ट्रको प्रभावमा नढल्ने तथा कुनै पनि किसिमको युद्धलाई समर्थन नगर्ने र युद्धमा सहभागी नहुने विवेकपूर्ण कूटनीति अपनाउनु नै नेपालको दीर्घकालीन सुरक्षा कवच बन्न सक्छ । आज विश्वले जुन बाटो समातिरहेको छ, त्यो बाटो अन्ततः साना राष्ट्रहरूको अस्तित्वमाथि प्रश्नचिह्न खडा गर्ने दिशामा उन्मुख देखिन्छ । त्यसैले नेपालले समयमै सचेत भएर, भूराजनीतिक यथार्थलाई चिर्न सक्ने नीति र दृष्टिकोण विकास गर्नु अब विकल्प होइन, अनिवार्य देखिएको छ ।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।






✍ बैकुण्ठ भण्डारी

# फाटेको टपरीमा न्यायको भोज

ठूलो घरे काकाको लामपाटोमे ठूलो भोज चलिरहेको छ । पूर्वतर्फको कागतीको बोटमुनि भान्सा लगाइएको छ । माघे संक्रान्तिपछि भोजका लागि काकाको लामपाटो खाली नै छैन । कान्छा हजुरबाउको ठूलो पाटोको सिमाना त्यही कागती र कोइरालोको बोटले छुट्याएको छ । डिलमा ठूलाघरेहरूले पूजा गर्ने सानो मन्दिर छ । कुलदेवता राख्ने गरेको पाटी थियो रे अलि पहिले । मन्दिरसँगै कान्छा हजुरबाले वरपिपलको बोट रोपेका हुन् रे ।

कान्छा हजुरबाले सन्तान नभएपछि वरपिपल रोपेर ठूलो भएपछि विहे पनि गरिदिए । तर पनि कान्छा हजुरबाको सन्तान भएनन् । कान्छाबा बितेपछि कुलदेवताको मन्दिर संरक्षणसमेत हुन सकेन । विस्तारै मन्दिर भत्कियो । कुलदेवतालाई वल्लो टोलबाट पल्लो टोल सारियो । कुलदेवतालाई सारिएन मात्रै, सँगैको वरपिपलको रुख पनि ढालियो । कान्छा हजुरबाले जाने बेलामा मन्दिर भएको जग्गा नै बेचे रे ! राताघरे माइला भन्दै थिए- बूढाले निकै जोगाएर राखेको मन्दिर पनि भत्कियो, वरपिपलको रूप पनि ढल्यो ।

'वरपिपलको रुखमात्र ढलेन, त्यहाँको इतिहास नै खरानी भयो' चिरञ्जीवी काका कागतीको बोटमुनिको भान्सामा रायोको साग भुट्दै अनन्तलाई सुनाउँदै थिए । 'कहाँ त्यत्तिमात्र हो र, त्यो मन्दिरसँग हाम्रो कुलको वासस्थान नै सऱ्यो नि । यतिका वर्ष यही मन्दिरलाई दायाँ घुमेर विद्यालय जाने मै हुँ ।' चिरञ्जीवी काकाको कुरालाई थप्दै अस्ति भर्खरै शिक्षकबाट अवकाश भएका भवनान काकाले आफ्नो मुख खोले ।

अगेनामा रहेको कालो फलामे कराईमा मस्यौरालाई 'झ्वाइँय' पारेर तार्दै केशव बोले, 'यस्तै हो, जसको जति समय भोग हुन्छ त्यत्ति नै अड्ने हो । हामीले कुरा गरेर के गर्नु, यति नगरिदिएको भए यो लामपाटोमा मन्दिर छेउ यसरी भोज गर्न कहाँ पाइन्थ्यो र ?' चिरञ्जीवी खित्का छाडेर हाँसे । 'हो हो केशवले भनेको कुरा एक दिन ठीक ।' ऊ बेला बूढाले सभ्यता र संस्कृति जोगाउनुपर्दछ भन्दै भोजभत्तेर गर्न खोला किनाराँ पठाउँथे ।'

भान्सामा चारवटा अगेनो बनाइएको थियो । सबै आफूले जानेको पकवान्न पकाउन व्यस्त थिए । डाँडा खेतमुनिको खोलामा स्वस्थानीको व्रतकथा वाचन भइरहेको थियो । कोही घण्टी बजाउँदै थिए, कोही कोही स्वामीको रूपमा पानी चढाउँदै थिए, कोही नदीको किनारामा बसेर सुर्जेलाई अर्घ दिँदै थिए । कोही सालीनदीजस्तै गरी वारिपारि डोरी जोड्ने प्रयास पनि गर्दै थिए ।

खोला सानै भएकाले होला बाटेको डोरी वल्लोतिर र पल्लोतिरको डिलमा रहेको नासपतीको बोटमा बाँधिरहँदा चुँडिने गर्दथ्यो । चुँडिएको डोरीलाई फेरि बटार्ने कोसिस गर्नेहरू पनि उस्तै थिए । बाबियाको डोरी बलियो हुनुपर्ने किन चुँडियो भाष्कर मामा खोलाको डिलमा रहेको ढुंगामा बसेर कराउँदै थिए ।

तार चुँडिएको चुँडियै भएर दिक्दार भएर बसेका मुरारी भन्दै थिए, 'बाबियोमा क्यात्तुके पनि मिसाएको रैछ, त्यही भएर चुँडिएको हो । झन् नमिसाइकन बाट्नु भनेर भनेको कसले टेर्ने हो र ?'

भास्करले अलि ठूलै स्वरमा भने, 'हुन्देऊ हुन्देऊ अब, छाडिदेऊ नमिसिएको कहाँ छ र जहाँ पनि घुसपैठ भनेजस्तै हो, व्यापारीले बेच्ने सामान यस्तै हो ।'

उता भान्सामा बसेकाहरू पकाइतुल्याइ गरी भक्तजनहरूलाई 'प्रसाद' ग्रहण गर्न आउनु है भन्दै कराउँदै थिए । प्रविधिको जवाना छ । हेडमास्टरबाट जागिर छाडेका भवनाथले मुहार पुस्तिकामा पोस्ट गर्दिए । 'आउने आउनुहोला नआउनेलाई रेल गाडी छुटेपछि छुटचो छुटचो' । पहेँलो धोतीमा अर्जुन काका आइपुगे । 'ल प्रसाद तयार भइहाले छ, अब तिमीहरू उता गएर टपरी मिलाउँदै गर, यहाँ बस्ने हो भने अब धोती फेरेर आऊ,' भान्सामा बसेका केशव, चिरञ्जीवी भवनाथ लगायतलाई भने ।

भान्सामा बसेकाहरूले के-के चाखे कुन्नि ? अर्जुन काकाले भनेको मान्दै मानेनन्, भान्सा छाड्नै गाह्रो गरे । 'ठीकै छ त यही फेरेकै छ त ? किन चाहियो धोती नै ?,' केशवले अर्जुन काकालाई भने । 'होइन, अब भान्सामा बस्ने हो भने धोती नै फेरेर आउनुपर्दछ । भक्तजनहरूको अगाडि त्यसै बस्न र प्रसाद वितरण गर्न कहाँ पाइन्छ र ?।' अर्जुन काकाले सम्झाए ।

'अब पर्दैन !' कुरो बुझ्दै नबुझी अड्डा अदालत गरिरहने मुकुन्दले थपे । 'अब गुगोलबाटै हेडमास्टरले हाल्दिसके । गुगलमा टन्नै भेटिएका छन् । अब भूगोलमा के हुन्छ हेर्दै गरौंला !' लाइक र कमेण्ट यति भएपछि प्रसाद टन्नैले पाए भन्ने भइहाल्छ । कथा समाप्त कहाँ भाको छ र !

'लौ लौ कुरो ठिकै हो । अब मन्दिर भत्किसकेकै हो । चरु होमेरै भए पनि खरानी बनाएकै हो । नन्दी, भृंगीलाई पनि हटाएकै हो । अब पूर्व-पश्चिम दक्षिण-उत्तर चारै दिशाका देवताहरूलाई खुसी बनाएकै छौं । यति भएपछि सिंहासनमा बस्ने राजा त कसो नपाइला ?,' अर्जुन काकाले भने ।

'पाउन त पाइएला तर कस्तो पाइएला भन्ने पो चिन्ता छ ?,' आफ्नै राज्य अरूलाई सुम्पिएर दास बन्ने लेण्डुपजस्तो भेटिने हुन् कि ? अपहरण भएर जाँदा पनि स्वाभिमान नछाड्ने मादुरोजस्तो भेटिने हुन् । भगवान्ले पक्कै न्याय त देलान्,' केशवले थपे ।

कथा मण्डपबाट प्रसाद ग्रहणका लागि भन्दै मुरारीले टपरी टन्नै बोकेर ल्याए । भान्सामा भएकाहरूले धमाधम टपरीमा प्रसाद हाल्दै थिए । टपरीमा हालेको प्रसाद चुहिन थाल्यो । केशवले यसो टपरी हेरे । पूरै प्वालै प्वाल । पालैपालो टपरी हेर्न थाले । न्यायको भोज दिन तयार गरिएको टपरी एउटा पनि सद्दे भेटिएन । कतै के कट्कटिएका । कतै प्वाल । कतै हेर्न नहुने टाटा । खै के, खै के ! फाटेको टपरी । केशव एक्लै भतभताउन थाले, 'यस्तो फाटेको टपरीमा कसरी दिने होला न्यायको भोज ?'

न्याय भोज दिन भन्दै दौडिएका छन् । टर फाटेको टपरी बोकेर कसरी भोज देलान् र ? गुगलमा भेटिएजस्तै गरी भूगोलमा नभेटिन पनि सक्छन् नि भक्तजनहरू ! गुगलमा त फाटेकै टपरीमा न्यायको भोज खान सकिएला ? तर भूगोलमा फाटेको टपरीमा कसरी न्यायको भोज खान सकिएला र ?

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, फाटेको टपरीमा भक्तजनले न्यायको भोज खाला कि नखाला ?



**मतपत्रको सुरक्षामा सेना** | प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपत्रको सुरक्षाका लागि खटिएका नेपाली सेना। सोमबारदेखि प्रत्यक्षतर्फको मतपत्र जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा छाप्न सुरु भएको छ। *तस्बिर: रासस*

# निर्वाचन नजिकिँदै जाँदा उत्साहित छन् नयाँ मतदाता

**गलेश्वर (म्याग्दी)–** म्याग्दीका दल र स्वतन्त्र उम्मेदवारहरूले मनोनयन सकेर मत माग्न गाउँ छिरेसँगै यहाँ निर्वाचनको माहोल बन्दै गएको छ। आगामी फागुन २१ गते निर्वाचनको मिति नजिकिँदै जाँदा विशेषगरी पहिलोपटक नाम दर्ता गराएका युवा मतदानका लागि उत्साहित देखिएका छन्।

जेन-जी आन्दोलनपछि अब आउने जनप्रतिनिधिले युवाको भावना बुझ्ने भन्दै उनीहरूमा उत्साह थपिएको हो। यहाँ विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १३ जनाले उम्मेदवारी (मनोनयन) दर्ता गराएकामा १२ जनाको उम्मेदवारी कायम रहेको जिल्ला निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। उम्मेदवारसहित राजनीतिक दलका नेताहरू मत माग्न जनताको घरघरमा जान, विभिन्न ठाउँमा भेला र छलफल गर्न व्यस्त हुन थालेका छन्।

बेनी नगरपालिका-२ का निकेश सापकोटा पहिलोपटक मतदान गर्दै छन्। उनले व्यक्तिगत छविमा कुनै दाग नलागेका, देश विकास गर्ने योजना भएका र युवाको मनोभावना र देशको आवश्यकतालाई बुझेर इमानदारीपूर्वक काम गर्ने नेतालाई निर्वाचित गरेर पठाउनका लागि फागुन २१ मा मत हाल्न आफू उत्साहित भएको बताए।

'म पहिलोपटक मतदान गर्न लागेको छु। उत्साहित छु। देश र जनताको मनोभावनालाई बुझेर काम गर्न सक्ने योग्य र इमानदार उम्मेदवारलाई भोट हाल्छु' सापकोटाले भने। दलहरूले आ-आफ्ना पार्टी र उम्मेदवार नै योग्य भएको भनेर प्रचार गरी मत मागे पनि कसलाई जिताउने भन्ने अधिकार मतदातामा रहेको बताउँदै सापकोटाले आफू पहिलोपटक अधिकारको प्रयोग गर्न लागेकामा खुसी व्यक्त गरे।



यस्तै, बेनी नगरपालिका-७ की २१ वर्षीया संगीता विक सबै उम्मेदवारहरूको कुरा सुनेर र उनीहरूलाई राम्रोसँग बुझेरमात्र कसलाई मत दिने भन्ने कुरा निर्णय गर्ने बताउँछिन्। 'म उम्मेदवारहरूको कुरा सुनेर र एजेण्डा हेरेर मत दिने मुडमा छु। सक्षम नेतृत्व छनोट गर्न नसक्दा दुःख जनतालाई नै हुँदोरहेछ भन्ने कुरा हामीलाई विगतले सिकाएको छ। त्यसैले राम्रो र सक्षम नेतृत्वलाई मत दिएर विजयी बनाउन आवश्यक छ,' उनले भनिन्। विक जेन-जी आन्दोलनका पक्षमा पनि लागेकी थिइन। उनी पहिलोपटक मतदान गर्दै छिन्।

त्यस्तै, मंगला गाउँपालिका-४ का दीपेश बुढा पनि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पहिलोपटक मतदान गर्दै छन्। युवा पुस्ताको आन्दोलनपछि अब देशको विकास हुन्छ कि भन्ने लागेर मतदान प्रक्रियामा सहभागी हुने उनले बताए। 'अहिले म्याग्दीको निर्वाचन पनि निकै चर्चामा छ। नयाँ दल र नयाँ व्यक्ति निर्वाचनमा सहभागी भएका छन्। पार्टीभन्दा पनि योग्य मान्छेलाई हेरेर मतदान गर्ने सोच बनाएको छु' बुढाले भने। रघुगंगा गाउँपालिकाका संगम पुन पनि आफूले पहिलोपटक मतदान गर्न लागेको र त्यसको सही प्रयोग गर्न उम्मेदवारबारे अध्ययन गरिरहेको बताउँछन्। युवा पुस्ताका लागि केही सोच्ने नेतृत्वका लागि मतदान गर्ने योजनासहित फागुन २१ को पर्खाइमा रहेको उनको भनाइ छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार यही फागुन २१ गते हुने निर्वाचनमा एउटामात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा कूल ८६ हजार ३९७ मतदाता कायम भएका छन्। एक नगरपालिका र पाँच गाउँपालिकामा समेटिएको जिल्लामा अन्य एक, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ मतदाता रहेका छन्। *रासस*

# आ-आफ्ना 'एजेण्डा' लिएर गाउँ-गाउँमा उम्मेदवार

■ **दीपक बोहरा**

**तुलसीपुर (दाङ)–** दाङ क्षेत्र नं ३ का उम्मेदवारहरू आ-आफ्ना 'एजेण्डा' लिएर गाउँ-गाउँ जान थालेका छन्। उम्मेदवारहरूले कार्यकर्ता तथा मतदातालाई भेटघाट गर्न थालेका छन्। कांग्रेसका उम्मेदवार दीपक गिरी आफूले सिँचाइमन्त्री हुँदा बृहत् दाङ उपत्यका सिँचाइ आयोजना ल्याउन भूमिका खेलेको कुरा लिएर जनतामाझ गएका छन्।

त्यस्तै पश्चिम दाङका सडक सञ्जालमा भूमिका खेलेको गिरीको भनाइ छ। त्यस्तै टरिगाउँ एयरपोर्ट विस्तारका लागि पनि पहल गरिरहेको उनको भनाइ छ। दाङलाई सबल र विकसित बनाउन आफ्नो उम्मेदवारी रहेको गिरीले बताए। उनले आफ्नो उम्मेदवारी राष्ट्रियता तथा लोकतन्त्रलाई बलियो बनाउनका लागि रहेको बताए। उनले युवा विदेश पलायन हुनुपर्ने अवस्था रहेको भन्दै यसलाई रोक्न पनि आफूले भूमिका खेल्ने बताए।

नेपालको संविधान संशोधन गरी जनतामैत्री संविधान बनाउने पनि उनको एजेण्डा छ। उनी २०५१ सालदेखि चुनाव लड्दै आएका छन्। यद्यपि, उनी अहिलेसम्म दुईपटक मात्रै निर्वाचित भएका छन्। उनले २०७० सालको संविधानसभाको निर्वाचन र २०७९ सालको प्रतिनिधिसभा सदस्यमा जितेका छन्।

### सडक र पुलको कुरा जनतामाझ लिँदै मास्की

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट चुनावमा होमिएका धनबहादुर मास्की (राजेश) लुम्बिनी प्रदेशसभा सदस्यबाट राजीनामा दिएर प्रतिनिधिसभामा उम्मेदवारी दिएर हाल जनतामाझ छन्। उनले त्यो उम्मेदवारी आफ्नोमात्रै नभई जनताको मागका रूपमा रहेको बताए। आफू प्रदेशको अर्थमन्त्री हुँदा तथा सांसद हुँदा गहतेखोला सडक स्तरवृद्धि, भमकेखोला, बहुला खोलामा पुल निर्माणजस्ता कार्य गरेको भन्दै यी एजेण्डा लिएर जनतामाझ गएका छन्।

त्यस्तै गाउँ-गाउँमा सडक, शिक्षा, स्वास्थ्यलगायत पूर्वाधार निर्माण गर्ने काम अघि बढाएको उनको भनाइ छ। 'मैले चुनावका बेला माथिल्लो सडक स्तरवृद्धि, खोलामा पुल निर्माणजस्ता एजेण्डा बनाएको थिएँ, ती एजेण्डाअनुसार मैले काम गरेँ र परिणाम पनि देखियो,' उनले भने।

मास्कीले ग्वारखोलादेखि पश्चिमलाई सुन्दर पश्चिम दाङ बनाउने, दामोदर सडक स्तरवृद्धि, ग्वारखोला हाइडचाम्प, प्रादेशिक अस्पतालको स्तरवृद्धि, कृषि क्याम्पस निर्माण, तुलसीपुर-हापुरे चारलेन, राप्ती लोकमार्ग चार लेन बनाउनेजस्ता एजेण्डा लिएर जनतामाझ जान थालेको बताए। उनी पहिलोपटक प्रदेशसभा सदस्य बनेका हुन्। त्योभन्दा अघि उनी कुनै पनि चुनाव लडेका थिएनन्।

### पूर्वप्रमुखको सांसद बन्ने चाहना

नेकपा एमालेबाट चुनावमा होमिएका घनश्याम पाण्डे २३ वर्षको उमेरमा नै तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख भएका व्यक्ति हुन्। २०५१ सालदेखि चुनावमा होमिँदै आएका पाण्डे तत्कालीन अवस्थामा उपप्रमुख बने। २०६४ र २०७० मा उनले चुनाव नलडे पनि २०७४ सालको स्थानीय तहको निर्वाचनमा उनी तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुखमा निर्वाचित भए।

नगरप्रमुख हुँदा आफूले गरेका काम नै चुनाव जित्ने आधार रहेको पाण्डे बताउँछन्। उनले मेट्रो कलेज स्थापना, अस्वारामा अस्पताल, तुलसीपुरमा व्यापारिक भवन निर्माणजस्ता परियोजनामा काम गरेको भन्दै ती कुरा लिएर जनतामाझ गएको बताए।

उनले दाङको समृद्धि र विकास, किसानको हक अधिकार सुनिश्चित, स्वरोजगार सिर्जना, टरिगाउँ विमानस्थल व्यवस्थिति, समृद्धि र विकासको हब, शिक्षा र स्वास्थ्य, प्रविधि, उद्यमशीलताको हबका रूपमा विकास गर्ने लक्ष्य राखेका छन्। साथै, उनले संसद्मा गएपछि संसदीय परम्परालाई जनतामा केन्द्रित गर्नुपर्नेमा पनि जोड दिएका छन्। निर्वाचन क्षेत्रभित्रका जनताका समस्यालाई पहिचान गरी समाधान गर्नेतर्फ संसद्लाई केन्द्रित गर्ने उनको योजना छ।

### सुशासन र डेलिभरीको मुद्दा लिएर जनतामा सुवेदी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट चुनावी मैदानमा होमिएका कमल सुवेदी यसअघिको निर्वाचनमा पनि उम्मेदवार थिए। उनले हाल सुशासन र डेलिभरीको मुद्दालाई अघि सारेका छन्। अबको समृद्धि नयाँ दल नै गर्ने दाबी गर्दै उनी ती ऐजण्डा लिएर जनतामाझ गएका छन्। युवा पुस्तालाई स्वरोजगार सिर्जना गर्ने, सुशासन कायम गर्ने, विकास निर्माणलाई तीव्रता दिने उनका एजेण्डा छन्।

### अन्य उम्मेदवार पनि चुनावी मैदानमा

दाङ-३ मा राष्ट्रिय जनमोर्चाले कमला जिसी, मंगोल नेसनल अर्गनाइजेसनले घनश्याम चौधरी, मितेरी पार्टीले सन्तोष सिंह, जनता समाजवादी पार्टीले शोभा डाँगी, आम जनता पार्टी (एकल चुनाव चिह्न)ले पाण्डवी नेपाली, नेसनल रिपब्लिक नेपाल पार्टीले प्रितम चौधरीलाई उम्मेदवार बनाएको छ।

त्यस्तै संयुक्त नागरिक पार्टीले दलवीर कामी, श्रम संस्कृति पार्टीले टोपबहादुर महतारा, नेकपा माओवादीले बलबहादुर वली, नागरिक उन्मुक्ति पार्टीले महेश चौधरीलाई उम्मेदवार बनाएको छ। त्यस्तै स्वतन्त्रबाट भागिराम चौधरी, सुरेश नेपाली, प्रेमबहादुर वली, महेश डाँगी, यमबहादुर बस्नेत, भरत परियार, इन्द्रबहादुर बस्नेत र सिप्रिक कँडेलले उम्मेदवारी दिएका छन्। उनीहरूले पनि आफ्ना एजेण्डा लिएर जनतामाझ गएका छन्।

वि.सं. २०७९ को समानुपातिक मत हेर्दा कांग्रेस र एमाले थोरै मतलेमात्रै तलमाथि छ। कांग्रेसले २६ हजार ५७७ र एमालेले २६ हजार ११७ मत ल्याएका थिए। सोही निर्वाचन क्षेत्रमा रास्वपाले १४ हजार ४१० समानुपातिक मत ल्याउँदा तत्कालीन माओवादी केन्द्रको १० हजार ९२५ र एकीकृत समाजवादीको ६९१ मत थियो। *रासस*

# सुदूरपश्चिममा १२ जना पूर्वमन्त्री चुनावी दौडमा

**महेन्द्रनगर–** आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सुदूरपश्चिम प्रदेशबाट १२ जना पूर्वमन्त्री चुनावी दौडमा छन्। १६ निर्वाचन क्षेत्र रहेको सुदूरपश्चिममा प्रमुख राजनीतिक दलले पूर्वमन्त्रीहरूलाई उम्मेदवारका रूपमा अघि सारेका छन्।

नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवारहरूमा संघीय र प्रदेश सरकारमा सहभागी भइसकेका १२ जना पूर्वमन्त्री आसन्न चुनावी मैदानमा छन्।

कांग्रेसले सुदूरपश्चिम प्रदेशमा कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा नारायणप्रकाश साउदलाई उम्मेदवार बनाउँदै चुनावी मैदानमा उतारेको छ। उनी यसअघि संघीय सरकारमा पटक-पटक मन्त्री भइसकेका छन्। साउदबाहेक सुदूरपश्चिममा सबै नयाँ उम्मेदवारलाई अघि सारिएको नेपाली कांग्रेसका प्रदेश सहमहामन्त्री चिन्तामणि भट्टले जानकारी दिए।

त्यसैगरी नेपाली कम्युनिस्ट पार्टीबाट अछाम क्षेत्र नं १ बाट पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेकपाका नेता भीमबहादुर रावल चुनावी मैदानमा छन्। सो पार्टीबाटै कैलाली क्षेत्र नं ५ मा प्रेम आले, कञ्चनपुर क्षेत्र नं १ मा बिना मगर चुनावी दौडमा छन्। आले र मगर संघीय सरकारका पूर्वमन्त्री हुन्।

नेकपाले सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री भइसकेका त्रिलोचन भट्टलाई डोटीबाट प्रतिनिधिसभाको प्रत्यक्षतर्फको उम्मेदवार बनाएको छ। प्रदेश सरकारकै पूर्वमन्त्री प्रकाशबहादुर शाहलाई नेकपाले बाजुराबाट प्रतिनिधिसभाको उम्मेदवार बनाएको छ। नेकपाबाटै कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ बाट उम्मेदवार बनेका मानबहादुर सुनार प्रदेश राज्यमन्त्री भइसकेका छन्।

नेकपा एमालेबाट पूर्वमन्त्रीहरू सुदूरपश्चिमबाट आसन्न प्रतिनिधिसभा निर्वाचनको उम्मेदवार छन्। दार्चुलाबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका एमाले नेता गणेशसिंह ठगुन्ना, बैतडीबाट उम्मेदवार बनेका दामोदर भण्डारी संघीय सरकारका पूर्वमन्त्री हुन्। कैलाली निर्वाचन क्षेत्र नं. ४ मा पूर्वमन्त्री एवं एमालेका उपमहासचिव लेखराज भट्ट आसन्न निर्वाचनको उम्मेदवार छन्। कैलाली-३ का गौरीशंकर चौधरी पूर्वसंघीय मन्त्री भइसकेका एमाले सुदूरपश्चिमका सचिव रणबहादुर चन्दले जानकारी दिए।

एमालेबाटै अछाम क्षेत्र नं १ मा उम्मेदवार बनाइएका झपटबहादुर बोहरा सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री छन्। सचिव चन्दले डोटीमा जेन-जी पुस्ताको प्रतिनिधित्व गराउँदै अनेरास्ववियुका केन्द्रीय अध्यक्ष दीपक धामीलाई उम्मेदवारका रूपमा मैदानमा उतारिएको जानकारी दिए।

उनले भने, 'एमाले सबैतिर चुनावी सभा/भेलाहरू व्यवस्थित गर्दै जाने तयारीमा छ।' सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा र रास्वपाका उम्मेदवार हरूबीच मुख्य प्रतिस्पर्धा हुने प्रारम्भिक आँकलन गरिएको छ।

कूल १७ लाख १६ हजार ६६० मतदाता रहेको सुदूरपश्चिममा १६ वटा निर्वाचन क्षेत्रबाट २०६ जना चुनावी मैदानमा रहेको प्रदेश निर्वाचन कार्यालय धनगढीले जनाएको छ। *रासस*


**फाल्गुनन्द गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**फाक्तेप, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२।१०।१३**

यस कार्यालयको मितिः २०८२/०९/०९ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMW/NCB/01/2082/83 | Construction of Office quarter building works. | Khadga Padma Nirman Sewa Private Limited, kummayak . | **83,51,400.75** NPR | |

**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाईनियाँ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**मोरङ जिल्लाको सुनवर्षी नगरपालिकाको वडा नं. ३, ६ र ७ भएर बग्ने बक्राहा खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी, बालुवा तथा भरौट उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धित सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/१०/१३)**

कोशी प्रदेश, मोरङ जिल्ला, सुनवर्षी नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ, कोशी प्रदेश, नेपाल<br>फोन नं : ०२१-४३३०२६/०२१-४३३०२५<br>इमेल : sunawarshimun@gmail.com/ ito.sunawarshimun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | सुनवर्षी नगरपालिकाको वडा नं.३, ६ र ७ भएर बग्ने बक्राहा खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा तथा भरौट उत्खनन् तथा संकलन कार्य |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | सुनवर्षी नगरपालिका वडा नं. ३,६ र ७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**सुझावको लागि पत्राचार गर्ने ठेगानाहरूः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ, कोशी प्रदेश, नेपाल<br>फोन नं. ०२१-४३३०२६/०२१-४३३०२५<br>इमेल : sunawarshimun@gmail.com/ ito.sunawarshimun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | ढोर बाराही इन्जिनियरिङ सर्भिसेज प्रा.लि.<br>ठेगाना : शंखमुल, काठमाडौं<br>इमेल : dhorbarahi2076@gmail.com<br>फोन : ९८४९०९४३९८ |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

मंगलबार, १३ माघ २०८२ (Tuesday, 27 January 2026)


## रूपशाला

### एकल साँझमा शान्तिराम



गायक, सङ्गीतकार तथा प्राज्ञ शान्तिराम राईको एकल साँझ आयोजना गरिएको छ । आइतबार राति राजधानीको भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबको सगरमाथा हलमा आयोजित एकल साँझमा उनले आफ्ना नयाँ तथा पुराना हिट गीत सुनाएका थिए । कार्यक्रममा सङ्गीतकार महेश खड्काले रुद्राक्षको माला जडित श्रीपेचको ताज र पुष्पगुच्छा सहित राईलाई सङ्गीत महाराजाको उपाधि दिएर सम्मान गरेका थिए । कार्यक्रममा राईलाई चर्चित गायिका स्मिता प्रधानले पनि गायनमा साथ दिएकी थिइन् । कार्यक्रम अवधिभर उनले २१ गीत सुनाए ।

## रंगशाला

### सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप

# मिथिलामा पहिलोपटक हुँदै

■ प्रभाव संवाददाता



**बर्दिबास (महोत्तरी)** – सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप मंगलबारदेखि बर्दिबासस्थित नवनिर्मित मिथिला नगरी आर्मी गल्फ क्लबमा सुरु हुँदैछ । प्रतियोगिताको कुल पुरस्कार राशि १० लाख ५० हजार रूपैयाँ रहेको छ । विजेताले १ लाख ७० हजार रूपैयाँ प्राप्त गर्नेछन् । दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीले क्रमशः १ लाख २५ हजार र १ लाख रूपैयाँ हात पार्नेछन् । शीर्ष १८ स्थानभित्र पर्ने खेलाडीहरू पुरस्कारको हकदार बन्नेछन् ।

नेपाल नम्बर एक प्रो गल्फर तथा अघिल्लो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनका विजेता निरज तामाङ प्रमुख दाबेदारका रूपमा रहेका छन् । साथै भुवन नगरकोटी, धन थापा, दिनेश प्रजापति र जयाराम श्रेष्ठ पनि उपाधि दाबेदारको सूचीमा छन् ।

तीन दिने प्रतियोगिता ५४ होलको हुनेछ । जहाँ ३१ प्रोफेसनल गल्फर र ह्यान्डिक्याप ५ वा सोभन्दा कम भएका ६ एमेच्योर गल्फरले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन् । ३६ होलको सामप्तीपछि कट लागु हुनेछ । शीर्ष १८ प्रोफेसनल र एमेच्योर खेलाडी फाइनल राउन्डमा प्रवेश गर्नेछन् ।

मधेस प्रदेशमा सूर्य नेपाल गल्फ टुरको कुनैपनि प्रतियोगिता हुन लागेको यो पहिलो पटक हो । नवनिर्मित यो गल्फ क्लबमा पहिलो पटक प्रो खेलाडीहरू प्रतिस्पर्धामा उत्रदैछन् । नयाँ गल्फ कोर्समा खेल्ने चुनौती खेलाडीहरूलाई रहनेछ ।

सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत कुल आठ प्रतियोगिता हुनेछन् । जसको कुल पुरस्कार राशि ८० लाख रूपैयाँ रहेको छ । यसअघि भएको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि एमेच्योर खेलाडी राहुल विश्वकर्मा र दोस्रो प्रतियोगीता सूर्य नेपाल इस्टर्न ओपनको उपाधि निरज तामाङले जितेका थिए ।

# नेपाल प्रतियोगिताबाट बाहिरियो

**काठमाडौं (प्रस)**– आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटमा नेपाल स्कटल्यान्डसँग पराजित हुँदै प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा आज भएको समूह चरणको अन्तिम खेलमा नेपाल स्कटल्यान्डसँग ७२ रनले पराजित हुँदै प्रतियोगिताबाट बहिरिएको हो । जितका लागि १४१ रनको लक्ष्य पछ्याएको नेपालले १३ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो । नेपालका लागि रोमा थापाले अविजित १४ रन बनाइन् ।

त्यस्तै विन्दु रावलले १४ तथा रुविना क्षेत्रीले १० रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

स्कटल्यान्डका लागि अब्ताहा मकसुदले सर्वाधिक तीन विकेट लिइन् । त्यस्तै क्याथरिन फ्रेजर र कप्तान क्याथरिन ब्राइसले समान दुई-दुई विकेट लिए । यसैगरी राहेल स्लेटर र ओलिभिया बेलले समान एक एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १४० रनको योगफल बनाएको थियो । स्कटल्यान्डका लागि प्रियनाज चटर्जीले सर्वाधिक ४५ रनको योगदान दिइन् भने एल्सा लिस्टरले २२, सारा ब्राइसले १८, मेगन म्याककोलले १७ तथा राहेल स्लेटरले ११ रन बनाए ।

नेपालका लागि मनिषा उपध्यायले सर्वाधिक चार विकेट लिइन् भने रुविना क्षेत्रीले तीन विकेट लिइन् । त्यस्तै रिया शर्मा, सीता रानामगर र कविता जोशीले समान एक-एक विकेट लिए । यस हारसँगै चार खेल खेलेको नेपालले एकमा जित तथा बाँकी खेलमा पराजय भोग्यो । दुई अंक जोडेको नेपाल समूह 'बी' को चौथो स्थानमा रह्यो । जित निकालेको स्कटल्यान्डले भने समान खेलबाट चार अंकका साथ सुपर सिक्सको यात्रा तय गरेको छ ।

# 'नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभल' हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा यही माघ १६ गतेदेखि १८ गतेसम्म 'नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभल'को सातौं संस्करण हुने भएको छ ।

चलचित्र विकास बोर्ड, भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्ड र नेपाल पुलिस क्लबमा आयोजना हुने उक्त महोत्सवमा ३९ देशका ८५ चलचित्रहरू प्रदर्शन हुने भएको हो । काठमाडौंमा विश्वभरका सांस्कृतिक, सामाजिक र सिर्जनात्मक चलचित्रको प्रवर्द्धन गर्ने उद्देश्यले विगत सात वर्षदेखि निरन्तर आयोजना हुँदै आएको महोत्सव नेपालकै एक प्रतिष्ठित अन्तरराष्ट्रिय चलचित्र उत्सवका रूपमा स्थापित भएको आयोजकको भनाइ छ ।

यस वर्षको महोत्सवमा ७५ भन्दा बढी देशबाट ७०० चलचित्र प्राप्त भएका थिए । त्यसमध्येबाट ५२ देशका १३८ चलचित्रहरू महोत्सवका लागि चयन भएका थिए । महोत्सवमा लघुचलचित्र, कथानक चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्रसँगै महिला, बालबालिका, मानव अधिकार तथा सांस्कृतिक विषयवस्तुमा आधारित चलचित्रहरू समावेश गरिएका छन् । 'तीन मिनेटदेखि साढे दुई घण्टासम्म अवधिका चलचित्रहरू महोत्सवका लागि छनोट भएका छन्', महोत्सवका निर्देशक तथा अध्यक्ष सन्तोष सुवेदीले भने ।

चाबहिलको चलचित्र विकास बोर्डमा उद्घाटन समारोह गरिने र महोत्सवमा चलचित्र प्रदर्शनसँगै सांस्कृतिक कला प्रदर्शनी, नृत्य, कला-संस्कृति र पर्यटनसम्बन्धी अन्तरक्रियालगायत थुप्रै कार्यक्रम रहेको महोत्सवकी सह-निर्देशक सृष्टि न्यौपानेले जानकारी दिइन् । अस्ट्रेलियाली निर्देशक मौलीनाथ गंगोलीद्वारा चलचित्रसम्बन्धी 'मास्टर क्लास' पनि दिने जनाइएको छ ।

चलचित्र महोत्सवका लागि अन्तरराष्ट्रिय निर्णायक मण्डलमा अमेरिकाकी निर्माता-निर्देशक जेसिका एकर्सन, बेलायतकी निर्माता एड्रियाना कुलिग, जर्जियाकी अनुसन्धानकर्ता निनी सिभेलिज, इटालीकी लेखक तथा निर्देशक भ्यालेन्टिना गाल्डी, बेलायतकी निर्देशक-निर्माता म्याग्डालिना कोर्पास, अर्जेन्टिनाका निर्देशक तथा चिकित्सक डा जर्ज ग्युलेर्मो क्याराभोटा, ट्युनिसियाका निर्देशक नुमिन नुमिन, लाट्भियास्थित स्कार्लेट फिल्म्सका संस्थापक इमरोज होसेन रहेका छन् ।

राष्ट्रियतर्फको जुरीमा चलचित्र लेखक, निर्देशक तथा कलाकार रमेश बुढाथोकी, अभिनेता धीरेन शाक्य, अभिनेत्री तथा निर्माता दीपाश्री निरौला, अभिनेता आर्यन सिग्देल र निर्माता तथा छायाँकार रवीन आचार्य रहने जनाइएको छ ।

महोत्सवमा दक्षिण एसियाली मुलुक भारत, बंगलादेश, पूर्वी एसियाली देशहरू चीन, थाइल्यान्ड, कोरिया, काजकिस्तान, युएई, कतार, हङकङ, फिलिपिन्स, इन्डोनेसिया, ताइवानलगायतका चलचित्रहरू चयन भएका छन् । साथै अमेरिका, क्यानडा, अस्ट्रेलिया, अर्जेन्टिना, बेलायत, फ्रान्स, इटाली, जर्मनी, रुस, स्विजरल्यान्ड, ट्युनिसिया, युक्रेन, स्पेन, नेदरल्यान्ड, मेक्सिको, फिनल्यान्ड, लिथुआनिया, चिली, नर्वे, ब्राजिल, सर्बिया, पोर्चुगल, पोल्यान्ड, हंगेरी, ग्रीस, डेनमार्क, बुल्गेरिया, चेक रिपब्लिकलगायत युरोप, दक्षिण अमेरिका तथा अफ्रिकी मुलुक मोरक्को, इजिप्ट, दक्षिण अफ्रिकाका चलचित्रहरू समावेश छन् ।

महोत्सवमा उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, छायाँकारसँगै उत्कृष्ट लघु चलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्र, महिला चलचित्र, बालबालिका चलचित्र तथा मानव अधिकारसम्बन्धी चलचित्र विधामा प्रतिस्पर्धा हुनेछ । नेपाल पुलिस क्लबमा हुने महोत्सवको समापन समारोहमा विभिन्न विधामा उत्कृष्ट ठहरिएका चलचित्र, कलाकार तथा प्राविधिकलाई अवार्ड प्रदान गरिने जनाइएको छ । यस वर्ष १५ राष्ट्रिय र १५ अन्तरराष्ट्रिय गरी ३० उत्कृष्ट चलचित्र सम्मान गरिनेछ । साथै चलचित्र क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई विशेष सम्मान प्रदान गरिने सुवेदीले बताए ।

## कालिञ्चोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल

### विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१३**

यस गाउँपालिकाको तपसिल बमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त फर्महरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www. kalinchowkmun.gov.np मा हेर्नुहुन समेत सुचित गरिन्छ ।

**तपसिल**

| S. N. | Name of project | Contract no. | Estimated amount, (Including VAT), NRs. | Bid Security Amount, NRs. | Bid purchase fee, NRs. |
|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Stationary and Official Goods | KRM/SQB/Goods/ DOLAKHA/ 02/2082/83 | 1998514.61 | 58000.00 | 1000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bids

**Date of publication: 2082-10-13(27th Jan,2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Estimated Amount With (VAT and P.S) | Bid Security NRs | Bid Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 14/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Construction of Kitchen at Khumjung Gumba Kplrm-04, Solukhumbu | 3,412,207.74 | 90,000.00 | 3000.00 | 90 Days | 120 Days | Re-Bid |
| 30/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Tenzing-Hillary Airport Beautification Kplrm-02, Solukhumbu | 2,905,749.83 | 75,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.co

**Chief Administrative Officer**


### ओमन/कुवेतमा रोजगार

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337788 | चलानी नं. ६०२५१२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/public Building | 100 | 0 | 120 | ४५,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

कम्पनी : AYAR COMPANY FOR CARPENTRY AND BLACKSMITHING WORKS

पूर्व स्वीकृति मिति : २०८२/०९/03 | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 335507 | चलानी नं. ६०२४८९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 12 | 0 | 90 | ४२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 15 | 0 | 120 | ५६,८५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः
धनुषा, जनकपुर-७, Maa Dhamini Training Center, GolBazar/Paradise Intl Manpower, Bhamarpura Chowk मा मितिः २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।
बाँके, नेपालगञ्ज, Gajraj Training Center,Karkando-2 मा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

### साउदीमा रोजगार

कम्पनी : AFAQ AL NASEEM RESTAURANT FOR MEALS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | LT. No. 337418 | चलानी नं. ६०२५१२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beveragea | 5 | 0 | 1200 | ४६,५२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २१ गते (4th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

### कुवेतमा रोजगार

कम्पनी : SAFIR INTERNATIONAL HOTEL MANAGEMENT COMPANY — शेवा शुल्कः १0,000

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337795 | चलानी नं.६०२५१२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 19 | 0 | 85 | ४0,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GRAND INDIA RESTAURANT COMPANY — शेवा शुल्कः १0,000

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | LT. No. 337796 | चलानी नं.६०२५१२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 120 | ५६,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 2 | 0 | 150 | ७१,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौं र फेवा ईन्टरनेशनल ट्रेनिङ सेन्टर वडा नं. ७, जनकपुरधाम धनुषामा मितिः २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80

FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आइतबार एक व्यक्ति सडकबाट हिउँ हटाउँदै । *तस्विरः सिन्हवा*

# ग्रोकमाथि इयूको अनुसन्धान




**ब्रसेल्स–** युरोपेली संघ (इयू)ले सोमबार एलन मस्कको स्वामित्वमा रहेको सामाजिक सञ्जाल एक्सविरुद्ध औपचारिक अनुसन्धान सुरु गरेको छ । यो अनुसन्धान एक्समा प्रयोग हुँदै आएको एआई च्याटबट 'ग्रोक'ले महिला तथा नाबालिगहरूको यौनिक डिपफेक तस्बिरहरू सिर्जना गर्न सक्ने विषयसँग सम्बन्धित रहेको बताइएको छ । अन्तर ाष्ट्रियस्तरमै आलोचना र चासो बढिरहेको अवस्थामा यो कदम चालिएको हो ।

प्रयोगकर्ताहरूले 'उनलाई बिकिनीमा राख्नुहोस्' वा 'उनको लुगा हटाउनुहोस्' जस्ता साधारण टेक्स्ट निर्देशनहरू प्रयोग गरेर महिला र बालबालिकाको तस्बिरलाई यौनिकरूपमा रूपान्तरण गर्न सक्ने तथ्य सार्वजनिक भएपछि ग्रोक तीव्र आलोचनाको घेरामा परेको थियो । यसले डिजिटल सुरक्षासम्बन्धी गम्भीर चिन्ता उत्पन्न गरेको छ ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले यस विषयमा कडा धारणा राख्दै भनेकी छन्, 'युरोपमा हामी महिला र बालबालिकाको डिजिटल रूपमा अपमान गर्ने यस्ता अकल्पनीय व्यवहारलाई सहन सक्दैनौं ।' उनले थप स्पष्ट पार्दै भनिन्, 'यो विषय अत्यन्त सरल छ– प्रविधि कम्पनीहरूलाई सहमति र बाल संरक्षणका आधारभूत सिद्धान्त उल्लंघन गर्न र त्यसबाट मुनाफा कमाउन अनुमति दिइँदैन । अवैध तस्बिरहरूले निम्त्याउने क्षति वास्तविक र गम्भीर छ ।'

इयूका प्रविधि आयुक्त हेना विर्कुनेनले डिजिटल सर्भिस एक्ट (डिएसए) अन्तर्गत एक्सले आफ्नो कानुनी दायित्व पूरा गरेको छ कि छैन भन्ने कुरा यो अनुसन्धानले स्पष्ट गर्ने बताएका छन् । उनका अनुसार इयूमा महिला र बालबालिकाको अधिकार एक्सका सेवाहरूको 'साइड इफेक्टको (अप्रत्यक्ष) क्षति' बन्नु हुँदैन ।

ब्रसेल्सले एक्सले इयूभित्र अवैध सामग्रीको प्रसारसँग सम्बन्धित जोखिमहरू (जसमा हेरफेर गरिएका यौन स्पष्ट तस्बिरहरू र बाल यौनदुर्व्यवहार सामग्री हुन सक्ने आशंका गरिएको सामग्री)लाई प्रभावकारीरूपमा कम गरेको छ कि छैन भन्ने विषयमा छानबिन भइरहेको जनाएको छ ।

गैरनाफामूलक निगरानी संस्था सेण्टर फर काउण्टरिङ डिजिटल हेट (सिसिडिएच)ले बिहीबार सार्वजनिक गरेको अनुसन्धानअनुसार ग्रोकले केही दिनमै महिला र बालबालिकासँग सम्बन्धित अनुमानित ३० लाख यौनिक तस्बिरहरू सिर्जना गरेको थियो । यही तथ्यले इयूको चासो झनै गहिरो बनाएको छ ।

नयाँ अनुसन्धानको एक हिस्साका रूपमा इयूले अवैध सामग्री तथा सूचना हेरफेरको प्रसार नियन्त्रण गर्ने उद्देश्यले एक्समाथि पहिलेदेखि चलिरहेको अनुसन्धानको दायरा विस्तार गरिरहेको जनाएको छ । एलन मस्कको यो सामाजिक सञ्जाल प्लेटफर्म, जसलाई पहिले ट्विटरका नामले चिनिन्थ्यो, डिसेम्बर २०२३ देखि नै इयूको डिजिटल सामग्रीसम्बन्धी नियमहरूअन्तर्गत अनुसन्धानको लक्ष्यमा रहँदै आएको छ ।

यसअघि डिसेम्बर महिनामा ब्रसेल्सले डिएसएको पारदर्शितासम्बन्धी दायित्व उल्लंघन गरेको ठहर गर्दै एक्सलाई १२ करोड युरो अर्थात् करिब १४ करोड अमेरिकी डलर जरिवाना गरेको थियो । उक्त निर्णयपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनबाट तीव्र प्रतिक्रिया आएको थियो ।

उल्लंघनका आरोपहरूमा प्रमाणित खाताहरूका लागि प्रयोग गरिएको 'नीलो चेकमार्क'को कथितरूपमा भ्रामक डिजाइन र अनुसन्धानकर्ताहरूलाई सार्वजनिक डेटामा पहुँच उपलब्ध गराउन असफलताजस्ता विषय समावेश थिए ।

वासिङ्टनको दबाबका बाबजुद इयूले आफ्ना नियमहरू कडाइका साथ लागू गर्ने अडान दोहोर्‍याउँदै आएको छ । युक्रेन युद्ध, व्यापार विवाददेखि ग्रिनल्याण्डसम्बन्धी मुद्दासम्म विभिन्न मोर्चामा ट्रम्प प्रशासनसँग टकरावको अवस्था रहँदा प्रविधि नियमनसम्बन्धी यो विवाद थप चर्किएको देखिन्छ । *रासस/एएफपी*

## डब्ल्युएचओ प्रमुखको दाबी

# अमेरिका डब्ल्युएचओबाट पछि हट्नुपर्ने कारण सही छैन




**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले शनिबार अमेरिकाले विश्वव्यापी स्वास्थ्य अनुगमनकारी संस्था (डब्ल्युएचओ)बाट पछि हट्नुपर्ने कारणलाई 'असत्य' भनेका छन् ।

सामाजिक सञ्जाल एक्समा डब्ल्युएचओ प्रमुख टेड्रोसले टिप्पणी गरे, 'यो कदमले संयुक्त राज्य अमेरिका र विश्वलाई 'कम सुरक्षित' बनाउने छ ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो दिन सन् २०२५ जनवरी २० मा संयुक्त राष्ट्रसंघको विशेष निकायबाट औपचारिकरूपमा बाहिरिने कार्यविधिमा हस्ताक्षर गरेका थिए । त्यसको दुई दिनपछि संयुक्त राष्ट्रसंघले औपचारिक सूचना प्राप्त गरेको थियो । संयुक्त राष्ट्रसंघको बडापत्रअनुसार यो फिर्ती सूचना दिएको एक वर्षपछि लागू हुने छ ।

डब्ल्युएचओको धेरै महान् उपलब्धिहरूमा संस्थापक सदस्यको रूपमा संयुक्त राज्य अमेरिकाले गरेको योगदानको प्रशंसा गर्दै टेड्रोसले एक्समा गरेको पोस्टमा लेखेका छन्, 'दुर्भाग्यवस, डब्ल्युएचओबाट बाहिरिने अमेरिकाको निर्णयको कारणमा सत्यता छैन ।' अमेरिकी कदमले अमेरिका र विश्व दुवैलाई सुरक्षित बनाउने र भविष्यमा डब्ल्युएचओमा सक्रिय सहभागितामा फर्कने आशा व्यक्त गरे ।

डब्ल्युएचओले शनिबार एक विज्ञप्ति जारी गरी ट्रम्प प्रशासनले लगाएको आरोपको खण्डन गर्दै अमेरिकी फिर्तीप्रति खेद व्यक्त गरेको थियो । अमेरिकी फिर्तीले त्यस्ता मुद्दाहरू उठाउँछ, जुन डब्ल्युएचओको कार्यकारी समितिले सन् २०२६ फेब्रुअरी २ मा सुरु हुने नियमित बैठकमा र मेमा हुने विश्व स्वास्थ्य सम्मेलनले आफ्नो वार्षिक बैठकमा विचार गर्ने छ ।

डब्ल्युएचओको एक प्रेस अधिकारीले सिन्ह्वासँग भने, 'परिणामहरूको सामना गर्न डब्ल्युएचओ सचिवालयले हाम्रा परिचालक निकायहरूको सल्लाह र मार्गदर्शनमा तदनुसार कार्य गर्ने छ ।' ती अधिकारीका अनुसार अमेरिकाले आफ्नो सदस्यता बक्यौता भुक्तान गर्न बाँकी छ ।

'आजसम्म, संयुक्त राज्य अमेरिकाले सन् २०२४ र सन् २०२५ का लागि आफ्नो मूल्यांकन योगदानको तोकिएको रकम भुक्तानी गरेको छैन,' अधिकारीले भने । अमेरिकास्थित नेसनल पब्लिक रेडियो (एनपिआर) ले रिपोर्ट गरेअनुसार यो दुई वर्षको कूल बक्यौता रकम लगभग २७८ मिलियन अमेरिकी डलर हुन आउँछ । *रासस/सिन्ह्वा*

# फिलिपिन्समा डुंगा डुब्दा १५ जनाको मृत्यु, २८ बेपत्ता

**मनिला–** दक्षिणी फिलिपिन्सको बासिलान प्रान्तमा सोमबार यात्रुबाहक डुंगा डुब्दा १५ जनाको मृत्यु हुनुका साथै २८ जना बेपत्ता भएको अधिकारीहरूले बताएका छन् ।

फिलिपिन्स कोस्ट गार्ड (पिसिजी) का कमाण्डर रोमेल दुआले डुंगामा सवार कम्तीमा ३१६ जनालाई उद्धार गरिएको बताएका छन् । पिसिजीले एम/वी त्रिशा केर्स्टिन-३ जाम्बोंगा सहरबाट सुलु प्रान्तको जोलो टापुको बाटोमा डुबेको पुष्टि गरेका छन् ।

पिसिजी प्रमुख एडमिरल रोनी गिल गावनले मनिलामा पत्रकारहरूसँगको साक्षात्कारमा डुंगाले आइतबार स्थानीय समयअनुसार बेलुका ९:२० मा जाम्बोंगा सिटी पोर्ट छोडेको बताएका छन् । खोजी र उद्धार अभियान जारी रहेको उल्लेख गर्दै डुंगाको अधिकतम् यात्रु क्षमता ३५० रहेकोमा ३३२ जना यात्रुहरू सवार रहेको गवनले बताएका छन् ।

यस क्षेत्रका सबै उद्धार सामग्रीहरू उद्धारमा संलग्न रहेको भन्दै पिसिजीले यस घटनामा तुरुन्तै कारबाही गरेको उनले बताएका छन् । उनले डुंगा डुब्नुका कारणबारे अझै अनुसन्धान भइरहेको पनि बताएका छन् । रासस/सिन्ह्वा

# जापानकी प्रधानमन्त्री ताकाइचीको लोकप्रियता घट्दो

**टोकियो–** जापानी मतदाताहरूले प्रधानमन्त्री साने ताकाइचीको हालैको कर कटौतीको प्रतिज्ञा कसरी कार्यान्वयन हुने भन्ने प्रश्नमा उनको स्पष्ट जवाफ नआएको कारण उनको लोकप्रियता दरमा कमी आएको छ ।

निक्केई पत्रिकाको सप्ताहन्तमा गरिएको सर्वेक्षणका अनुसार राष्ट्रवादी नेताको सरकारको अनुमोदन दर डिसेम्बरमा ७५ प्रतिशतबाट ६७ प्रतिशतमा झरेको छ । गत अक्टोबरमा उनले पदभार ग्रहण गरेयता पहिलोपटक उनको लोकप्रियता दर ७० प्रतिशतभन्दा तल झरेको हो ।

सन् २०२४ अक्टोबरमा चार वर्षको कार्यकालका लागि भएको पछिल्लो तल्लो सदनको चुनावको एक वर्षपछि ताकाइचीले अचानक फेब्रुअरी ८ का लागि मध्यावधि चुनाव घोषणा गरेकोमा आलोचनाको सामना गर्नुपरेको छ । सोमबार उनी विपक्षी नेताहरूसँग आफ्नो नीतिहरूबारे छलफल गर्न टेलिभिजन प्यानल छलफलमा सामेल हुने कार्यक्रम तय भएको छ । जापानको पहिलो महिला प्रधानमन्त्री ताकाइचीले आफू र आफ्नो नयाँ गठबन्धन सरकारलाई जनताको समर्थन पुष्टि गर्न चुनाव आवश्यक रहेको बताएकी छन् ।

तीन महिनाअघि उनको नियुक्तिपछि ताकाइचीले शक्तिशाली तल्लो सदनमा झिनो बहुमत प्राप्त गर्न आफ्नो सत्तारुढ 'लिबरल डेमोक्रयाटिक पार्टी' र 'जापान इनोभेसन पार्टी (जेआइपी)' बीच गठबन्धन बनाउन संघर्ष गर्नुपरेको थियो । सम्भावित जितले उनलाई बलियो जनादेश दाबी गर्न अनुमति दिने छ । यद्यपि, एलडिपी आफैंले कम अनुमोदन दर र घोटालाहरूको शृंखलासँग जुधिरहेको छ ।

उनको चुनावी अभियानको प्रतिबद्धतामध्ये दुई वर्षका लागि खाद्यान्नमा उपभोग कर छुट दिने, विभिन्न करहरू कटौती गर्ने विपक्षीहरूको वाचामा सामेल हुनु हो, तर उनले यसका लागि कसरी बजेट व्यवस्थापन गर्ने भन्ने विवरण दिएका छैनन् । नयाँ निक्केई सर्वेक्षणमा ५६ प्रतिशत उत्तरदाताले खाद्यान्नमा शून्य कर उठाउँदा पनि मूल्यवृद्धिविरुद्धको अभियान प्रभावकारी हुने विश्वास नगरेको बताएका उक्त पत्रिकाले भनेको छ ।

उदारवादी माइनिची शिम्बुनले गरेको यस्तै सप्ताहन्तको सर्वेक्षणले पनि डिसेम्बरमा देखिएको ६७ प्रतिशतबाट ताकाइचीको अनुमोदन दर ५७ प्रतिशतमा झरेको देखाएको छ । जापानी आर्थिक वर्ष मार्चमा समाप्त हुनुअघि नयाँ सरकारी बजेटमा विधायी बहसलाई सुस्त बनाएकाले अचानक घोषणा भएको निर्वाचनले धेरै मानिसहरू निराश भएको माइनिचीले बताएको छ । *रासस/एएफपी*


**कुवेतमा रोजगार** कम्पनी : DAME LOUNGE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | LT. No. 316463 | चलानी नं. ६०२३०७०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician Manicurist/pedicurist | ० | २ | 150 | ७१,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Nail Artist | ० | २ | 150 | ७१,०६९ | | | | | | | |
| 3. | Hair Dresser | ० | २ | 150 | ७१,०६९ | | | | | | | |
| 4. | Hair Stylist -female | ० | २ | 150 | ७१,०६९ | | | | | | | |
| 5. | Manicurist | ० | २ | 150 | ७१,०६९ | | | | | | | |
| 6. | Nail Technicians | ० | २ | 150 | ७१,०६९ | | | | | | | |

कम्पनी : CLOCK RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 314677 | चलानी नं. ६०२२८९७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef | 23 | 0 | 130 | ६१,५९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कतारमा रोजगार** कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१०/१२ | LT. No. 317524 | चलानी नं. ६०२३१७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker (Female) | 0 | 1 | 1200 | ४८,४८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | 2500 | १०१०१२ | | | | | | | |
| 3. | Gen Clean Workers | 1 | 0 | 1100 | ४४,४४५ | | | | | | | |
| 4. | General Supervisor | 0 | 2 | 2500 | १०१०१२ | | | | | | | |
| 5. | Labour | 3 | 0 | 1000 | ४०,४०५ | | | | | | | |
| 6. | Safety Supervisor | 2 | 0 | 2500 | १०१०१२ | | | | | | | |
| 7. | Supervisor | 2 | 0 | 2500 | १०१०१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २० गते (3rd Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



**Nisdi Rural Municipality**
**Office of the Rural Municipality Executive**
**Mityal, Palpa, Lumbini Province, Nepal**

**Invitation For Bids**

**Notice no:- 08-082/83**
**First Date of Publication:-2082/10/13 BS, 2026-01-27AD**

Nisdi Rural Municipality,Office of the Rural Municipality Executive invites electronic bid for the eligible bidders for the following works.

| S.N. | Contract Identification Number | Description of Works | Estimated Amount with VAT & PS | Bid Security Amount | Bid Validity Period | Last Date of Submission | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/NRM/ WORKS/ 2082/83-05 | Construction of Permanent Agricultural Plastic Tunnel for Nisdi RM Palpa. | 1,20,01,908.69/- | 3,30,000/- | 90 days | 26-Feb-26 | 3000 |

Further information to Bidders:-

| | |
|---|---|
| Account Number for bid document Purchase | Name of the Bank:- LaxmiSunrise Bank Limited, Nisdi Branch Account no:- 0870560818703006 |
| Account Number for bid security deposit | Name of the Bank:- LaxmiSunrise Bank Limited, Nisdi Branch Account no:- 0870560818703003 |

1. Bidder may download the bidding documents and submit their bids only electronically though www.bolpatra.gov.np/egp.
2. If the last date of purchasing, submission and opening falls on a government holiday then next working day shall be considered as last day.
3. After the completion of bid evaluation the letter of intent will be published on office website (www.nisdimun.gov.np)
4. Bidder can Submit Bid fee or bank security from Antarik rajashow portal of Nisdi Rural Municipality, Palpa.

**Chief Administrative Officer**
**Nisdi Rural Municipality Office**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०९००० | प्रति तोला – ० | प्रति तोला – ६७६५ |



**मल्चिङ आलुखेती** | काभ्रेपलाञ्चोकको पनौतीस्थित भण्डारीगाउँमा मल्चिङ विधि प्रयोग गरी आलु रोप्दै किसान । यो विधिबाट खेती गर्दा राम्रो उत्पादन हुने, कम खर्चिलो र झार नलाग्ने भएकाले किसानहरू त्यसतर्फ आकर्षित भएका हुन् । *तस्बिरः पेमा लामा/रासस*

## ‘आन्तरिक उत्पादनमा आधारित उपभोग बढाउन आवश्यक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले आयातमा आधारित उपभोगलाई क्रमशः आन्तरिक उत्पादनले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

७४औं अन्तरराष्ट्रिय भन्सार दिवसका अवसरमा भन्सार विभागद्वारा सोमबार आयोजित कार्यक्रममा बोल्दै उनले आन्तरिक उत्पादन वृद्धि नगरी मुलुकको अर्थतन्त्र सुधार गर्न सहज नहुने स्पष्ट पारे । उनले आन्तरिक उत्पादनले प्रतिस्थापन गर्न सक्ने वस्तुहरू अनावश्यक रूपमा आयात भइरहेको अवस्थामा ऐन-कानुनमार्फत त्यसलाई नियन्त्रण गर्नुपर्ने बताए । अर्थतन्त्रलाई टेवा पुग्नेगरी आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने स्पष्ट नीति निर्माण आवश्यक रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले भन्सार ऐनको प्रभावकारी कार्यान्वयन र भन्सार नियमावली छिट्टै ल्याउने विषयलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

निजी क्षेत्रले उठाएका केही माग क्रमशः सम्बोधन हुँदै गएको उल्लेख गर्दै उनले सुधारका राम्रा कामको प्रारम्भिक चरणमा आलोचना आउनु स्वभाविक भएको बताए । सुधार निरन्तर चलिरहने प्रक्रिया भएको जनाउँदै त्यसका लागि नेतृत्व तहबाटै दृढ पहल आवश्यक रहेको उनको भनाइ छ ।




तराईका जिल्लामा लागूऔषध दुर्व्यसनीको समस्या बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले नेपालमा आयात गर्न प्रतिबन्धित वस्तुहरू कसरी भित्रिरहेका छन् भन्ने विषयमा प्रश्नसमेत उठाए । अन्तरराष्ट्रिय भन्सार दिवसको अवसर पारेर उत्पत्तिको प्रमाणपत्र राष्ट्रिय एकद्वार प्रणालीमार्फत मात्र जारी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । अब क्युआर कोडसहितको उत्पत्तिको प्रमाणपत्र अनलाइनमार्फत जारी हुनेछ ।

कार्यक्रममा अर्थ सचिव घनश्याम उपाध्यायले भन्सार क्षेत्रमा केही व्यावहारिक सुधार आवश्यक रहेको बताए । फरक-फरक भन्सार कार्यालयबीच हुने मूल्यांकनमा एकरूपता नहुँदा समस्या देखिएकाले अनलाइन मूल्यांकन प्रणाली कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ । साथै, भन्सार प्रशासनमा व्यवहारगत सुधार र सदाचार पद्धतिको विकास अपरिहार्य रहेको उल्लेख गर्दै भन्सार प्रशासनको मुख्य उद्देश्य व्यापार सहजीकरण भएको बताए । भन्सारलाई पारदर्शी र सहज कार्यसम्पादनमा केन्द्रित गर्नुपर्नेमा उनले जोड दिए ।

महालेखानियन्त्रक शोभाकान्त पौडेलले भन्सार प्रशासन कुनै डर वा प्रलोभनमा चल्नु नहुने बताए । सहज र छरितो सेवा प्रवाहले व्यापार लागत घट्ने भएकाले त्यसतर्फ केन्द्रित हुनुपर्ने उल्लेख गर्दै उनले सुन, केराउ, पेस्तादाना र सुपारीजस्ता वस्तुको अवैध आयातमा कतै भन्सार कर्मचारीको संलग्नता त छैन भन्ने शंका गर्ने अवस्था देखिएको धारणा व्यक्त गरे ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले नयाँ भन्सार ऐन कार्यान्वयनमा आएको, भन्सार डाटाबेस प्रणाली लागू भएको जस्ता सुधारका काम अघि बढेको जानकारी दिए । भन्सार प्रशासन राजस्व संकलनको माध्यम मात्र नभई सीमाको सुरक्षा, व्यापार सहजीकरण र आपूर्ति शृंखलालाई चुस्त बनाउने महत्त्वपूर्ण निकाय भएको उनको भनाइ छ । नयाँ भन्सार सुधार तथा आधुनिकीकरण रणनीतिको मस्यौदा तयार हुँदै रहेकाले त्यसलाई छिटो स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा उनले जोड दिए ।

लोकसेवा आयोगका सचिव रामेश्वर दंगालले सन्दर्भ मूल्य पुस्तिकाका आधारमा गरिँदै आएको भन्सार मूल्यांकनभन्दा कारोबार मूल्यका आधारमा मूल्यांकन गर्ने व्यवस्था लागू हुनु सकारात्मक भएको बताए । भन्सार प्रशासन क्रमशः व्यवस्थित, स्वचालित र प्रविधियुक्त बन्दै गएको उनको धारणा छ ।

## नगद कारोबारको सीमा बढाउन निजी क्षेत्रको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही माघ १ गतेदेखि नगद कारोबारको सीमा रु पाँच लाख तोकिएपछि यसले व्यावसायिक क्रियाकलापमा समस्या सिर्जना गरेको निजी क्षेत्रले जनाएको छ । अन्तर र्‍ाष्ट्रिय भन्सार दिवसका अवसरमा आयोजित कार्यक्रममा निजी क्षेत्रका छाता संस्थाहरूले नगद कारोबारको सीमा बढाउनुपर्ने माग गरेका हुन् । अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमेत उपस्थित रहेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले रु पाँच लाखभन्दा माथिको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थामा संशोधन आवश्यक रहेको बताए ।

महासंघका अध्यक्ष ढकालले बैंकिङ पहुँच र यसको प्रयोग देशका सबै स्थानमा पुग्न नसकेको अवस्थामा रु पाँच लाखसम्म मात्रै नगद कारोबार गर्न पाउने व्यवस्थाले व्यवसायीहरूलाई समस्या सिर्जना गरेको उल्लेख गरे । यस्तो सीमा तोकिनुका पछाडि नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा ‘ग्रे लिस्ट’मा रहेकाले सरकार र केन्द्रीय बैंकमाथि अन्तर्राष्ट्रिय क्षेत्रबाट दबाब परेको हुन सक्ने उनको भनाइ थियो ।

अध्यक्ष ढकालले लगानी वातावरण सहज बनाउने तथा निजी क्षेत्र प्रवर्द्धन गर्ने आर्थिक नीतिमा संशोधन गर्नका लागि अहिले सही समय रहेको धारणा व्यक्त गरे । भन्सार राजस्वलाई मात्र प्राथमिकता दिनेभन्दा मुलुकभित्रका उद्योग-व्यवसाय तथा उद्यमशीलता प्रवर्द्धन गर्ने नीतिमा सरकार अघि बढ्नुपर्ने उनको जोड थियो । साथै होटल तथा पर्यटन क्षेत्रले अन्य उद्योगसरह राज्यबाट पाउने सुविधा प्राप्त गर्न नसकेको उल्लेख गरे ।

त्यसैगरी नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले भन्सार प्रशासन राष्ट्रिय अर्थतन्त्र र व्यापार सहजीकरणका लागि अत्यन्त महत्वपूर्ण क्षेत्र भएको बताउँदै आर्थिक सुशासन कायम गर्न सक्नुपर्ने आवश्यकता औँल्याए । उनले विद्यमान भन्सार ऐनमा रहेका दण्ड-जरिवानासम्बन्धी व्यवस्था कठोर र अव्यवहारिक रहेको आरोप लगाए ।

अग्रवालले मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर कायम गरिनुपर्ने आवश्यकता औँल्याउँदै नेपाललाई वैवाहिक कार्यक्रमका लागि उत्कृष्ट गन्तव्य (वेडिङ डेस्टिनेसन) का रूपमा विकास गर्न त्यस्ता कार्यक्रमका लागि नेपाल आउने सामग्रीमा भन्सार सहजीकरण हुनुपर्ने बताए । साथै रु पाँच लाखभन्दा बढीको कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने व्यवस्थाले व्यवसायीलाई समस्या सिर्जना गरेको उनको भनाइ थियो ।

कार्यक्रममा भन्सार एजेन्ट महासंघका अध्यक्ष प्राचिनकुमार थैवले अवैध व्यापार नियन्त्रण, आर्थिक विकास, राजस्व संकलन तथा वैदेशिक व्यापार सहजीकरणका लागि पारदर्शी र प्रविधिमैत्री भन्सार प्रणाली विकास गर्न जोड दिए ।

## नेप्सेमा ‘करेक्सन’

**काठमाडौं (प्रस)–** नेप्से परिसूचक सामान्य अंकले घट्दा कारोबार रकममा भने उल्लेख्य सुधार देखिएको छ । नेप्से परिसूचक तीन दशमलव ०७ अंकले घटेर दुई हजार ७६९ दशमलव ०९ को बिन्दुमा कायम भएको हो । सोमबार ३३२ कम्पनीको तीन करोड ६२ लाख ६४ हजार ८७४ कित्ता शेयर एक लाख ३७ हजार ६७६ पटक खरिद-बिक्री हुँदा रु १६ अर्ब ३५ करोड ५७ लाख ३० हजार ३६६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्दछ ।
- त्यस्ता सूचना आवधिक रूपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नुपर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनुपर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो बरियताको अधिकारी हुनुपर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नम्बर र तस्बिर सबैले देख्ने गरी कार्यालयमा र वेबसाइटमा राख्नुपर्दछ ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनुपर्दछ ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## दूधको मूल्य बढेपछि किसानले पाए बजार

**चितवन–** भारतमा दूधको मूल्य बढेपछि यहाँको किसानले बजार पाएका छन् । भारतमा दूधको मूल्य विगतको तुलनामा बढेर नेपाली दूध सरह भएपछि नेपाली किसानले दूधको मूल्य पाएका हुन् । भारतीय दूध नेपालीभन्दा सस्तो हुँदा भारतबाट ठूलो मात्रामा नेपालमा दूध आउने गर्दथ्यो ।

विगतका वर्षमा यो मौसममा भारतबाट अवैध दूध भित्रिँदा यहाँको उत्पादन प्रभावित हुने गर्दथ्यो । यससँगै यहाँ उत्पादन भएको दूधलाई बिक्री गर्न नसकेपछि प्रशोधन गर्न बाध्य हुनुपर्थ्यो । यस वर्ष भारतमा दूधको मूल्य बढेपछि यहाँको दूध सीमा क्षेत्रबाट अवैध रूपमा भारतका बजारमा जान थालेको छ । जसका कारण नेपाली उत्पादनले बजार पाएको छ ।

केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अम्बरबहादुर कुँवरका अनुसार भारतमा दूधको मूल्य नेपालको भन्दा ४६ पैसा मात्र बढी छ । जसका कारण भारतीय बजारबाट विगतमा अवैध रूपमा आउने गरेको दूध यस वर्ष आएको छैन । उनले भने, ‘ढुवानी जोड्दा नेपालीभन्दा महँगो पर्ने भएपछि भारतबाट दूध आएको छैन, यहाँको लुकीछिपी सीमा क्षेत्रबाट भारत लगिएको छ ।’

यहाँको सीमा क्षेत्रबाट भारतको पट्नालगायत सीमा क्षेत्रमा लुकाई-छिपाई दूध गएको सूचना आएको उनी बताउँछन् । यससँगै भुक्तानी समयमा नपाउँदा किसानले पशुपालनमा रुचि कम गरेका कारण उत्पादन पनि घटेको उनको भनाइ छ ।

यो मौसममा यकिन तथ्यांक नभए पनि दैनिक ४५ लाख हाराहारी लिटर दूध उत्पादन हुने गरेको उनी बताउँछन् । गत वर्षको तुलनामा एक लाख हाराहारी लिटर दूध घटेको उनको भनाइ छ ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगाले यस वर्ष भारत तर्फबाट दूध नआउँदा यहाँ उत्पादित दूधले बजार पाएको बताउँछन् । उनको भनाइमा मङ्सिर, पुस र माघ महिना दूधको खपत कम हुने भएकाले उत्पादनको व्यवस्थापन जटिल हुने गर्दछ । जाडो महिनामा दही, आइसक्रिम जस्ता दुग्धजन्य उत्पादन खपत नहुने उनी बताउँछन् । उनले भने, ‘भारततर्फबाट दूध नआउँदा हामीलाई ठीक भएको छ, यहाँको बजार मिलेको छ ।’ विगतका वर्षमा मिल्क होलिडे पनि गर्नु परेको भन्दै उनले अहिले बजारमा उत्पादित दूध खपत भइरहेको बताए ।

दूध बिक्री नभएपछि प्रशोधनका लागि यहाँको चितवन मिल्कमा यो समयमा धेरै दूध आउने गर्दथ्यो । चितवन मिल्कका प्रबन्धक दुर्गाप्रसाद पराजुलीले विगतका वर्षमा तीन दिनसम्म कन्टेनर सडकमा लाइन बस्ने गरेको भन्दै उनले यो वर्ष त्यस्तो अवस्था नरहेको बताए । गत वर्षमा दैनिक दुई लाख लिटर दूध आउने गरेकामा यो वर्ष ७० हजार लिटर हाराहारी मात्रै आएको बताउँछन् ।

असार, साउनमा यहाँ प्रशोधनका लागि दूध आउँदैन । भदौदेखि जेठसम्म प्रशोधनका लागि दूध आउने गर्दछ । यो वर्ष भदौ, असोजमा महिनाको चार लाख लिटर हाराहारी, कात्तिकमा १० लाख हाराराहारी, मङ्सिरमा १५ लाख हाराहारी र पुसमा २० लाख हाराहारी दूध आएको भन्दै उनले गत वर्षको तुलनामा निकै कम भएको बताए । उनले स्मरण गरे, ‘गत वर्षमा नौनी र दूध पाउडर राख्ने ठाउँ नभएर उद्योग बन्द गर्नुपर्ने अवस्था हुन्थ्यो, अहिले अवस्था त्यस्तो छैन ।’

भरतपुर महानगरपालिका-१ ठिमुरामा उद्योग रहेको छ । कुनै समय घाटामा गएका कारण बन्द भएको चितवन मिल्क अहिले सहकारी र डेरीहरूले शुल्क तिरेर प्रशोधन गर्न दूध ल्याउने गर्दछन् । चितवन मिल्कको दैनिक डेढ लाख लिटर प्रशोधन क्षमता छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ